आ.ब. २०७१/०७२ मा सम्पन्न जिल्ला विकास आयोजना तथा कार्यक्रमहरुको

# सामाजिक परीक्षण प्रतिवेदन २०७२

**पेश गरिने निकाय**

## जिल्ला विकास समिति, बागलुङ

**पेश गर्ने:**

भोजराज सुनुवार र चन्द्रबहादुर कटुवाल

(सामाजिक परीक्षक)

विकास चौतारी नेपाल

काठमाण्डौं महानगरपालिका वडा नम्बर ४, सुकेधारा, काठमाण्डौं, नेपाल

फोन नम्बर ९८५११७०७१० र ९८५११२९९३९

Email: developmentplatform.nepal@gmail.com

विकास चौतारी नेपाल २०७१ (De PlaN) Development Platform Nepal

आ.ब. २०७१/०७२ मा सम्पन्न जिल्ला विकास आयोजना तथा कार्यक्रमहरुको

# सामाजिक परीक्षण प्रतिवेदन २०७२

**पेश गरिने निकाय**

## जिल्ला विकास समिति, बागलुङ

**पेश गर्ने:**


भोजराज सुनुवार र चन्द्रबहादुर कटुवाल

(सामाजिक परीक्षक)

विकास चौतारी नेपाल

काठमाण्डौं महानगरपालिका वडा नम्बर ४, सुकेधारा, काठमाण्डौं, नेपाल

फोन नम्बर ९८५११७०७१० र ९८५११२९९३९

Email: developmentplatform.nepal@gmail.com

# कृतज्ञता

स्थानीय स्वायत्त निकाय भनेको जनताको सबभन्दा नजिकको प्रजातन्त्रिक अङ्ग हो जसलाई एउटा निश्चित भौगोलिक क्षेत्र भित्रका जनताका दैनिक चासोका विषयमा प्रत्यक्ष रुपमा सबन्धित स्थानीय सरकार भनेर विश्वास गरिन्छ । आ.ब. २०५१/०५२ देखि नेपाल सरकारले स्थानीय निकायहरुलाई क्षमतावान बनाउनका लागि एकमुष्ट अनुदानको आकार विस्तारै बढाउदै आएको छ । अनुदानको आकार हरेक वर्ष बढ्दै जानु र जिम्मेवारी पनि त्यही अनुपातमा बढ्दै गएको वर्तमान अवस्थामा स्थानीय निकायको क्षमता बढ्न सकिरहेको छैन भने लामो समय देखि स्थानीय निकाय जन प्रतिनिधि बिहीन अवस्थामा रहन वाध्य छन् । स्थानीय स्तरका जनताको आर्थिक, सामाजिक तथा राजनैतिक सवलिकरणको जिम्मेवार निकायको रुपमा रहेका हरेक स्थानीय निकायहरुको व्यवहार सदा जनमुखी, जनउत्तरदायी, तथा पारदर्शि र जवाफदेही हुनुपर्ने यस्ता स्थानीय निकायहरुको अर्को एउटा आधारभूत विशेषता हो । यी स्थानीय निकायहरुमा सामाजिक उत्तरदायित्व वहन गर्न बसेका जिम्मेवार व्यक्तिहरुको आचरण तथा व्यवहारहरुको अध्ययन तथा अनुभवबाट स्थानीय जनताले राज्यप्रति आफ्नो धारणा बनाउने भएकाले पनि प्रजातान्त्रिक व्यवस्थामा यिनीहरुको व्यवहार सदा पारदर्शि, जनमुखि तथा सहयोगी हुन्छ भन्ने विश्वास गरिन्छ । प्रजातन्त्रको एउटा महत्वपूर्ण पाठशाला अनि जनताका दैनिक चासो प्रति सजग रहनुपर्ने स्थानीय निकायका काँधमा दिन प्रति दिन कार्यबोझ थपिदै गएको अवस्थामा यिनीहरुको काम कार्वाहीहरु कत्तिको जनउत्तरदायी र पारदर्शि बन्न सके तथा त्यसको कारण जनताको दीगो आर्थिक सामाजिक रुपान्तरणमा कस्तो प्रभाव पार्न थालेको छ भन्ने कुराको खोजी हुनु तथा समय समयमा यसको पहिचान गरि आगामी योजना तथा रणनीति तर्जुमाका लागि आधार तयार पार्नु पनि त्यत्तिनै जरुरी भएकाले यो सामाजिक परीक्षणको आवश्यकता महसुस भएको हो ।

सामाजिक परीक्षक एक्लैले मात्र यो परीक्षण कार्य सम्पन्न गर्न सम्भव थिएन तसर्थ यस कार्यलाई सफल बनाउनका लागि आवश्यक सूचना तथा जानकारीहरु उपलब्ध गराई सहयोग गर्नु हुने जिल्ला विकास समिति बागलुङका स्थानीय विकास अधिकारी श्री भरत गौतम, सामाजिक विकास अधिकृत भेषराज शर्मा पौडेल, योजना अधिकृत प्रेम प्रसाद सापकोटा, जिल्ला शासन विज्ञ विष्णु प्रसाद पाठक तथा अन्य सम्पूर्ण कर्मचारीहरु र सम्बन्धित विषयगत कार्यालयका कार्यालय प्रमुख तथा सम्पूर्ण कर्मचारीहरु धन्यवादका पात्र हुनु हुन्छ ।

भोजराज सुनुवार र चन्द्रबहादुर कटुवाल

सामाजिक परीक्षक

२३ कार्तिक, २०७२

विषय सूची


१. परिचय:

१.१ भूमिका

१.२ औचित्यता

२. सामाजिक परीक्षणको उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनको सीमा

५. बृहत छलफल कार्यक्रमको विवरण

६. स्थानीय निकाय र विषयगत कार्यालयको विवरण

६.१ जिल्ला विकास समिति बागलुङ

६.२ विषयगत कार्यालयहरुको विवरण

७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु वा उपलब्धिहरु

८. सामाजिक जिम्मेवारी बहनको क्षेत्र तथा क्षमता

९. मूख्य मूख्य चुनौति तथा कमी कमजोरीहरु

१०. सहभागिहरुको सुझाव तथा प्रतिक्रियाहरु

११. सामाजिक परीक्षण सार्वजनिक कार्यक्रममा उठाइएका सवालहरु माथि स्थानीय निकायका प्रमुख वा प्रतिनिधिहरुको जवाफ

१२. सहभागिहरुबाट आएका प्रतिक्रिया तथा सुझाव र त्यस माथि भएको थप विश्लेषणको सार संक्षेप

१३. सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

१४. सामाजिक परीक्षणबाट प्राप्त सवालहरुलाई सम्बोधन गर्न जिविसले गर्नुपर्ने कार्यहरु

१५. अनुसुचिहरु: १ देखि ३ सम्म

## १. परिचय:

### १.१ पृष्ठभुमि:

स्थानीय स्वायत्त सरकार भनेको विकेन्द्रिकरणको सिद्धान्तमा आधारित जनताको सब भन्दा नजिकको प्रजातान्त्रिक निकाय हो जसलाई एउटा निश्चित भौगोलिक क्षेत्र भित्रका जनताका दैनिक चासोका विषयमा प्रत्यक्ष रुपमा सम्बन्धित अर्थात स्थानीय जनता प्रति पूर्णरुपमा जवाफदेहि, उत्तरदायी हुन्छन भन्ने विश्वास गरिन्छ । स्थानीय स्तरका जनताको आर्थिक, सामाजिक तथा राजनैतिक सवलीकरणको जिम्मेवार निकायको रुपमा रहेका हरेक स्थानीय निकायहरुको व्यवहार सदा जनमूखि, उत्तरदायी तथा पारदर्शि हुनु पर्ने पनि यसको एउटा आधारभूत विशेषता हो । प्रजातन्त्रको एउटा आधारभूत पाठशाला, अनि जनताका दैनिक चासो प्रति सजक रहनुपर्ने गहन जिम्मेवार स्थानीय निकायका काँधमा दिन प्रतिदिन कार्यबोझ थपिदै गएको अनुपातमा यसका काम कार्बाहीहरु कति उत्तरदायि र पारदर्शि बन्न सके तथा जनताको दीगो आर्थिक, सामाजिक रुपान्तरणमा कस्तो प्रभाव पारेको छ भन्ने कुराको खोजी हुनु तथा समय समयमा यसको पहिचान गरी आगामी योजना तथा रणनीति तर्जुमाका लागि आधार तयार पार्नु पनि त्यत्तिकै जरुरी छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिहरुलाई नेपालमा स्थानीय सरकारहरुको रुपमा परिभाषित गरिए अनुरुप सबै निकायहरुको आ आफ्नै जिम्मेवारी तथा दायित्व छ । यिनमा पनि जिल्ला विकास समिति झन यस्तो निकाय हो जसको छुट्टै भौगोलिक अधिकार क्षेत्र छैन जहाँ गाविस तथा नगरपालिकाको उपस्थिति नहोस । यसो हुनुले के देखाउँछ भने जिल्ला विकास समिति भनेको जनताका तहका स्थानीय निकायहरुको काममा एकरुपता तथा तादम्यता ल्याउनका लागि समन्वय गरिदिने निकाय हो । यत्ति हुदाहुदै पनि जिल्ला स्तरीय योजनाहरु जसमा दुई वा दुई भन्दा बढी गाविसहरुको क्षेत्रलाई ओगटेको हुन्छ । यस्तै गरी केन्द्रिय स्तरको योजनाहरुको पनि अनुगमन तथा प्राविधिक सहयोग उपलब्ध गराई सो को गुणस्तर सुनिश्चित गर्ने कार्यमा भूमिका खेली स्थानीय सामुदायिक विकासमा जन सहभागितालाई अभिवृद्धि गरी गुणात्मक सामाजिक रुपान्तरणमा सहयोगीको भूमिका खेल्नु यसको दायित्व भित्र पर्ने भएकाले जिल्ला विकास समितिले सञ्चालन गरेको हरेक आयोजनाहरुको सामाजिक परीक्षण हुनु व्यवहारिक ठानिन्छ ।

सरकारी निकायहरु तथा गैरसरकारी संघ संस्थाहरुद्धारा सञ्चालन हुने कार्यक्रमहरुको विस्तृत सूचना तथा कामको नतिजा र खर्चको आधारमा त्यसको प्रतिफल तथा प्रभावकारिताको मूल्यांकन सम्बन्धित अधिकारवाला, समुदाय तथा सर्नसाधारणको तहगा व्यबस्थित तरिकाले पुग्न सकेको छैन । सावर्जनिक हितका लागि काम गर्ने अधिकांश संघ-संस्था वा निकायहरुको गतिविधि संस्थाभित्रै सीमित रहेको अनुभूति सबैतिर भइरहेको छ । यस्तो परिस्थितिमा सार्वजनिक निकायहरु वा संघ संस्थाहरुद्धारा सञ्चालन गरिएका कार्यक्रम तथा गतिविधिहरुलाई कसरी बढी भन्दा बढी पारदर्शि र जवाफदेहि बनाउने भन्ने उद्देश्यले नेपाल सरकारले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०१ (२) वमोजिम स्थानीय निकायहरुको सामाजिक परीक्षण कार्यविधि २०६७ जारी गरेको छ । यस कार्यविधिमा व्यवस्था भए अनुसार स्थानीय निकायहरुद्धारा गत आर्थिक वर्षमा सम्पन्न गरिएका योजना तथा आयोजनाहरुले लिएका नीति, लक्ष्य तथा उद्देश्यहरु अनुसार कार्य सम्पादन भए कि भएनन् र सम्पन्न भएका योजनाहरुले अधिकारवाला वा आम जनताको हितमा के कत्ति काम गर्न सफल भए भनी सार्वजनिक रुपमा बसेर छलफल गरी आगामी दिनमा अझ कसरी प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ भनी बृहत छलफल गरी स्थानीय निकायहरुको सार्वजनिक रुपमा परीक्षण गरी चालु तथा आगामी वर्षको लागि महत्वपूर्ण सल्लाह सुझाव लिई प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले आर्थिक वर्ष समाप्त भएको प्रथम् चौमासिक भित्र सामाजिक परीक्षण गरी सक्नु पर्ने प्रावधान गरिएको छ । यसै सन्दर्भमा जिल्ला विकास समिति बागलुङ र यस अन्तर्गत रहेका विषयगत कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरुले गत आर्थिक वर्ष २०७१/०७२ मा सम्पन्न गरेका योजना, आयोजना र कार्यक्रमहरुको सामाजिक परीक्षण मिति २०७२ साल कार्तिक २३ गतेको दिन सबै सर्वसाधरण जनता, सम्बन्धित निकायहरु, पत्रकार, राजनीतिक दलका प्रतिनिधिहरु र समाज सेवी तथा बुद्धिजीविहरुको उपस्थितिमा सम्पन्न गरियो ।

### १.२ सामजिक परीक्षणको औचित्यता:

योजना भन्नाले समुदाय तथा स्थानीय तहमा बस्तु र सेवाको माग र आपूर्तिलाई व्यवस्थित र प्रभावकारी बनाउन सहभागितामूलक रुपमा सरकार, नागरिक समाज, लक्षित वर्ग तथा स्थानीय सरोकारवालाहरुको सहभागितामा के, कत्ति, कहाँ, किन, कहिले र कसका लागि भनि किटान गरी निश्चित संरचनागत ढाँचामा तयार गरिएको लिखित दस्ताबेज हो भन्ने यसको सैद्धान्तिक आधार हो भने कानूनमा व्यवस्था भए अनुसार योजना पहिचान देखि छनौट अनि कार्यान्वयन सम्मका चरणहरु शिलशिलावद्ध रुपमा पालना गर्नु यसको कानूनी

आधार मानिन्छ जसलाई जिल्ला विकास समितिले पालना नगरि नहुने भएकाले यसैका वरिपरिमा रही दीर्घकालिन तथा आवधिक तथा वार्षिक योजनाहरु तयार गर्ने गरिन्छ ।

नेपालमा स्थानीय स्वायत्त शासन ऐन २०५५ लागु भए पश्चात त्यस भन्दा अघि सरकारी निकायले स्थानीय विषयगत कार्यालयको माध्यमबाट वा सिधै आफै गर्ने गरेका योजनाहरुको सञ्चालन र व्यवस्थापन गर्ने गरि कानूनी र आर्थिक आधार तयार गरि त्यही अनुरुपको एकमुष्ट अनुदान प्रणालीको व्यवस्था भए अनुसार स्थानीय सरकारहरुको जिम्मेवारी थपिएको छ र सिमित साधन र श्रोतको प्रयोग गरि प्राथमिकताको आधारमा योजना निर्माण गर्नु र कार्यान्वयन गर्नु वाध्यता रहेको त छ नै त्यसमा पनि तल उल्लेखित कुराहरुलाई हरेक योजनाले सम्बोधन गर्न सके वा सकेनन् भन्ने कुरा प्रति सजग रहनु पनि त्यत्तिकै जरुरी मानिन्छ ।

१. Wellbeing of people
वञ्चितिकरणमा परेका वर्ग तथा समुदायका जनताको गरीबि निवारण, शिक्षा, स्वास्थ्य तथा सवलीकरणमा के कस्तो प्रभाव पर्‍यो ।

२. People participation
जनसहभागितालाई प्रोत्साहन गर्न तथा प्रकृयालाई सहज बनाउनमा योजना कुन हद सम्म सफल रह्यो ।

३. Equity/ Inclusiveness development
सामानुपातिक प्रतिनिधित्व, सामाजिक न्याय र समान अवसरलाई योजनाले के कसरी सम्बोधन गरेको छ ।

४. Transparency
सूचनामा पहूँच, निंर्णयमा अर्थपूर्ण सहभागिता तथा आर्थिक पारदर्शिताको शर्तलाई योजनाले के कत्ति सम्मान गर्‍यो ।

५. Accountability
सामाजिक उत्तरदायित्व बहन गर्न तथा आन्तरिक र बाह्य पृष्ठपोषण प्रतिको सम्मान गर्नमा योजना तथा कार्यान्वयन गर्ने निकायले के कत्तिको चासो देखायो ।

६. Quality
बस्तु र सेवाको उत्पादन तथा तिनको Quality Assurance मा देखाएको तत्परता के कस्तो छ ।

७. Meeting the Targets:
लक्षित उपलब्धि हासिल गर्नमा भएको सफलताको तह के कस्तो छ ।

८. Adherence to statutory and procedural standards

बैधानिक विधि तथा पूर्वनिर्धारित मापदण्ड प्रति योजना तथा योजना कार्यान्वयन गर्ने निकायको प्रतिवद्धता तथा कदर

९. Social benefits

मानवीय पूँजीको निर्माण स्थानीय जनताको निर्णय निर्माण क्षमतामा पारेको प्रभाव, लैङ्गिक मान्यताको कदर, स्वास्थ्य, शिक्षा तथा आर्थिक हैसियतमा भएको वृद्धि त्यस्तै गरि योजनाको कार्यान्वयन पश्चात सामाजिक सम्बन्धमा परेको प्रभाव र विविधताको कदर तथा सम्मानमा आयोजनाको के कस्तो प्रभाव रह्यो ।

१०. Sustainability

आयोजनाको दीगो पनाको लागि सृजना गरिएको संरचना र दीगोपनाको स्पष्ट आधारहरुको निर्माण गर्न आयोजना तथा कार्यान्वयन गर्ने निकाय कुन तह सम्म सफल रहेको छ ।

यी माथि उल्लेखित जिज्ञासाहरुको उत्तर खोज्नु आवश्यक मात्र नभई अपरिहार्य नै भएकोले जिल्ला विकास समिति बागलुङ अनि यस अन्तर्गत अन्य विषयगत कार्यालयहरुले सम्पादन गरेका आयोजनाहरुको सामाजिक परीक्षण गरी यो प्रतिवेदन तयार पारिएको हो ।

२. **सामाजिक परीक्षणको उद्देश्य:**

समय सापेक्ष तथा जनचाहाना अनुसारको गुणात्मक विकासको माध्यमबाट स्थानीय आवश्यकताको दीगो समाधान जनताहरुमा स्थानीय निकाय, प्रजातान्त्रिक व्यवस्था सरकार तथा राज्य प्रति सकारात्मक धारणाको विकास गराउनु तथा स्थानीय निकायलाई सामाजिक उत्तरदायित्व प्रति वढी जिम्मेवार बनाउनु सामाजिक परीक्षण अवधारणाको दीर्घकालिन उद्देश्य हो भने यसका विशिष्ट उद्देश्यहरु यस प्रकार रहेका छन् ।

१. स्थानीय निकाय (विषयगत कार्यालय) समेतले गत आ.ब. मा हासिल गरेका मूख्य मूख्य सामाजिक उपलब्धि तथा सामाजिक उत्तरदायित्व निर्वाहको लेखाजोखा गर्नु ।

२. स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ ले तोकेको सामाजिक जिम्मेवारीहरु प्रति स्थानीय निकायलाई बढी सजग गराउनु ।

३. आगामी आ.ब.को लागि योजना तर्जुमाका लागि अधार तय अर्थात् मार्गदर्शन गर्नु ।

४. स्थानीय निकायलाई पिछडा वर्ग, क्षेत्र र समुदाय प्रति वढी सम्बेदनशिल तथा विकास आयोजनाहरुमा bottom up approach को अवधारणा तर्फ सचेत गराउनु ।

५. सार्वजनिक संघ संस्था वा स्थानीय निकायहरुका लागि आफ्ना गतिविधिहरु सार्वजनिकरण गर्न र ती गतिविधिहरु वारे सबै पक्षहरु बीच समीक्षा गर्ने, मूल्यांकन गर्ने र पृष्ठपोषण गर्ने/ गराउने प्रक्रियालाई संस्थागत गर्नका लागि एउटा साझा थलोको रुपमा विकास गर्न ।

६. सरोकारवाला तथा सर्बसाधारणलाई सम्बन्धित निकायहरुले सञ्चालन गरेका गतिविधिहरु तथा कार्यक्रमहरुको वारेमा जिज्ञासा राख्ने, प्रश्न गर्ने, कामको विश्लेषण गर्ने, सुझाव दिने र सूचना लिने दिने बानीको विकास गर्न ।

७. सार्वजनिक दायित्व निर्वाह गर्नुपर्ने व्यक्ति, संघ संस्था वा निकायहरुका सूचना सार्वजनिकीकरण गर्दै उनीहरुलाई आफ्नो उत्तरदायित्व वहन गरे/नगरेको सुनिश्चित गर्ने तरिका बसाल्न, पारदर्शिता कायम गर्न र असल शासनको विकास गर्न सहयोग पुऱ्याउनु ।

८. विभिन्न सार्वजनिक संघ संस्था वा निकायहरुले सञ्चालन गरेका गतिविधिहरु वारे अधिकारवाला वा आम जनताको स्वामित्व र भूमिका बढाउन ।

३. **अध्ययनको विधि तथा चरणहरु:**

सामाजिक परीक्षण प्रयोजनका लागि सम्बन्धित ऐन तथा नियमावलीहरु जस्तै: स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ लगायत जिल्ला विकास समिति तथा जिल्ला स्थित विषयगत कार्यालय समेतबाट गत आ.ब.मा सम्पन्न गरेका आयोजना तथा कार्यक्रमहरुको प्रगति तथा उपलब्धिसँग सम्बन्धित विवरण संकलन गरी सामाजिक उत्तरदायित्वका वारेमा योजनाले खेलेको भूमिकाको विश्लेषण गरिएको छ । जिल्ला विकास समितिका विभिन्न शाखाहरु जस्तै: योजना, प्रशासन, स्टोर आदिबाट आवश्यकता अनुसारको सूचनाहरु संकलन गरी यो प्रतिवेदन तयार गरिएको हो । यस्तै गरि जिविसका सम्बन्धित शाखाका कर्मचारीहरुसँग सामुहिक तथा व्यक्तिगत छलफल विधिलाई पनि अध्ययनको क्रममा अपनाइएको छ । सर्वसाधारण नागरिकहरुको जिल्ला विकास समितिको गतिविधि तथा सेवा प्रतिको धारणा बुझ्नका लागि सामाजिक परीक्षण कार्यविधि २०६७ को अनुसूची २ अनुसार चेकलिष्टको प्रयोग गरि अनौपचारिक छलफलको माध्यमबाट समेत सूचना संकलन गरि यसमा आएको नतिजालाई सामान्ययीकरण गरिएको छ । यसका लागि निम्न चरणहरु अपनाइएको थियो :

**चरण १:** जिल्ला विकास समिति तथा विषयगत कार्यालयहरुबाट योजनाका वारेमा सूचना संकलन ।

**चरण २:** सम्बन्धित शाखाका कर्मचारी तथा प्रगति विवरण अध्ययन गरि ड्राफ्ट प्रतिवेदन तयार गरि सर्वपक्षिय भेलामा प्रस्तुती र छलफल ।

**चरण ३:** सर्वपक्षिय भेलाबाट आएका महत्वपूर्ण विचारहरु तथा तिनका विषयमा जिल्ला विकास समितिका तर्फबाट दिइएको पुष्ट्याँइ समेत समावेश गरि अन्तिम प्रतिवेदन तयारी र जिविसमा पेश ।

**क. सूचनाको श्रोत:**

सूचना संकलनमा मूलत: प्राथमिक श्रोतलाई बढी महत्व दिइएको छ भने सम्बन्धित ऐन तथा नियमावली तथा निर्देशिकाको अध्ययन, पूर्व कार्य समीक्षा, पूर्व प्रकाशित सम्बन्धित कार्यालयहरुको सामग्री अध्ययन, जिविस, विषयगत कार्यालय तथा सम्बन्धित संघ संस्थाहरुबाट उपलब्ध प्रतिवेदनहरुमा प्रकाशित तथ्यांकलाई पनि यस अध्ययनको महत्वपूर्ण सूचनाको श्रोतको रुपमा लिइएको छ ।

**ख. सूचना संकलन, विधि र प्रक्रिया:**

स्थानीय निकायको सामाजिक परीक्षण कार्यविधि २०६७ ले व्यवस्था गरे अनुरुपको अनुसूची २ र ३ को ढाँचामा सम्बन्धित कार्यालयहरुबाट सूचना माग गरियो भने त्यसको पुष्ट्याँइएको लागि सेवाग्राहीहरुको प्रतिक्रिया लिनका लागि चेकलिष्टको प्रयोग गरियो । सामाजिक उत्तरदायित्व मापनका लागि स्वयं नागरिक तथा नागरिकहरुका प्रतिनिधिमूलक संस्थाहरुका प्रतिनिधिहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न विषयगत समितिका प्रमुख एबं प्रतिनिधिहरु, नागरिक समाज, विषयगत कार्यालयका प्रमुख एबं प्रतिनिधिहरुको सहभागितामा सार्वजनिक भेलामा प्रस्तुत गरि उनीहरुको प्रतिक्रिया एवं सल्लाह सुझाव प्राप्त गरी यस प्रतिवेदनमा समावेश गर्ने प्रयास गरिएको छ ।

**ग. सूचनाको विश्लेषण र प्रस्तुती:**

जिविस र विभिन्न विषयगत कार्यालयहरुबाट संकलित सूचनाको विश्लेषण संख्यात्मक नभई गुणात्मक आधारमा गर्ने प्रयत्न गरिएको छ । संकलित सूचनालाई विगत आ.व.मा संचालित कार्यक्रमले लक्षित वर्ग, समुदाय र समाजमा के कस्तो प्रभाव पार्‍यो भन्ने पक्षमा सामाजिक परीक्षणको पक्षबाट थप विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**घ. अन्तिम प्रतिवेदन तयारी :**

विभिन्न श्रोतबाट संकलित सूचनाहरुको आवश्यक विश्लेषण तथा विवेचना गरि तयार गरिएको ड्राफ्ट प्रतिवेदनलाई सर्वदलिय तथा सर्वपक्षिय भेलामा प्रस्तुत गरि त्यहाँबाट उठेका सवालहरु र सल्लाह सुझावलाई समेत समावेश गरि यो सामाजिक परीक्षण प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।

## ४. अध्ययनको सीमा:

जिल्ला विकास समितिको सामाजिक परीक्षण भएकाले जिविस तथा जिल्ला स्थित विषयगत कार्यालयहरु समेतबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरु सामाजिक जिम्मेवारी प्रति सजग रहे नरहेको अध्ययन गर्नु यस परीक्षणको मुख्य उद्देश्य भएकाले सबै आयोजना तथा कार्यक्रमहरुको समग्र पक्षको अध्ययन नगरि सामाजिक क्षेत्रमा ती योजना तथा कार्यक्रमहरुको योगदानलाई मात्र विश्लेषण गरि प्रतिवेदन तयार गरिएको छ । त्यसै गरि विषयगत कार्यालयहरु तर्फ पनि जिल्ला स्थित सम्पूर्ण कार्यालयहरुबाट सूचना संकलन नगरि स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेखित सूचकसँग सम्बन्धित कार्यालयहरुबाट मात्र सूचना माग गरि यस प्रतिवेदनमा संलग्न गरिएको छ । सामाजिक परीक्षणले विगत आ.ब.मा जिविस र विषयगत कार्यालयहरुले संचालन गरेका समग्र आयोजना तथा कार्यक्रमहरुले सामाजिक पक्षमा के कस्तो प्रभाव पारेको छ भनि व्यापक अध्ययन गरी फिल्ड भेरीफिकेशन गरेर जनताबाट आएका सवाल, कार्यक्रमको प्रभाव तथा असरहरुलाई व्यापक रुपमा केलाउनु पर्ने भएता पनि छोटो समयमा कार्य सम्पन्न गर्नुपर्ने भएकाले छोटो समयमा प्राप्त सिमित सूचनाहरुको आधारमा र सदरमुकाम भित्र तथा नजिकैको फिल्डमा मात्र फिल्ड भेरीफिकेशन गरी यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ ।

५. **बृहत छलफल कार्यक्रमको विवरण:**

क) मिति: २०७२।०७।२३

ख) स्थान: जि.वि.स.को सभाहल, बागुलङ

ग) समय: दिनको १.०० बजे देखि ४.०० सम्म

घ) भेलामा उपस्थिति: जम्मा: ३७ जना

६. **स्थानीय निकाय र विषयगत कार्यालयको विवरण:**

६.१ जिल्ला विकास समिति बागलुङ:

१. **परिचय र पृष्ठभूमि:**

पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने १६ वटा जिल्लाहरु मध्ये बागलुङ जिल्ला धौलागिरी अञ्चलको प्रमुख केन्द्रको रुपमा मानिन्छ । पूर्वमा पर्वत, पश्चिममा रोल्पा र रुकुम, उत्तरमा म्यग्दी र दक्षिणमा प्यूठान जिल्लासँग सिमाजोडिएको यो जिल्ला विश्वमान चित्रमा २८°.१५' देखि २८°.३७' उत्तरी अक्षांस र ८३° देखि ८३°.३६' पूर्वी देशान्तरमा फैलिएको छ । कूल १७८४ वर्ग कि.मी. क्षेत्रफल तथा समुद्री सतह देखि ६०० मीटर (दन्तु डाँडा गाविसको खर्वाड) र ४६९० मीटर (बोबाङ गाविसको ढोरपाटन शिकार आरक्षणमा पर्ने फागुनेको धुरी) सम्म फैलिएको यस जिल्लामा प्रशासनिक हिसाबले ३ वटा संसदीय निर्वाचन क्षेत्र, १३ वटा ईलाका, ५९ गाविस र १ नगरपालिका रहेको छ । पछिल्लो जनगाणनाको प्रतिवेदन २०६८ अनुसार यस जिल्लाको कूल परिवार संख्या ६२,५२२ छ भने कूल जनसंख्या २,६८,६१३ रहेको छ जसमा पुरुष १,१७,९९७ र महिला १,५०,६१६ रहेको छ । यस जिल्लामा २८.०४% हिस्सा ओगटेको सबै भन्दा ठूलो जनसंख्या मगर जातिको रहेको छ भने ब्राम्हण १९.५४%, क्षेत्री १८.७१%, कामी १५.९७%, सार्की ५.५५%, दमाई ४.७०%, नेवार १.०७, गुरुङ ०.६९%, थकाली ०.२२% र अन्य ८.१९% रहेको देखिन्छ । भाषिक रुपमा हेर्दा बागलुङ जिल्लामा ९०.०५% नेपाली भाष बोल्दछन भने केवल ९.९५% ले मगर भाषा प्रयोग गर्ने गरेको पाईन्छ ।

२. **आर्थिक तथा सामाजिक अवस्था:**

नेपाल भित्रको सानो नेपाल तथा झोलुङ्गे पुलको जिल्ला भनेर चिनिने यस जिल्लाको मूख्य बजार भनेको सरमुकाम बाग्लुङ हो जुन पोखरा बाग्लुङ राजमार्गसँग जोडिएको छ भने अन्य स्थानीय बजार केन्द्रहरुमा कुश्मिसेरा, गलकोट, हटिया, बुर्तिबाङ, बोहोरागाउँ, देबीस्थान, बुँङ्गादोभान, बरेङ, भिमगिठे, ग्वालिचौर, घुसमेली, काँडेबास, रिजाल चोक, अक्षेते, काठेखोला, नारायणस्थान, हटिया तथा बेलबगर रहेका छन् । कुल ५९ गाविस मध्ये हाल सम्ममा ५४ (खुङखानी, तमान, सल्यान, सुखौरा र छिस्ती बाहेक), गाविसहरुमा स्थानीय सडक सञ्जाल जोडिसकेका छन भने विद्यूत सेवा सबै गाविसहरुमा पुगिसकेको छ । मानब विकास सूचाङ्कमा १९ औं स्थानमा रहेको यस जिल्लाको मानब विकास सूचाङ्क ०.४९२ रहेको छ भने लैङ्गिक विकास सूचाङ्क ०.४८१ र यस जिल्लामा नागरिकको औसत आयू ६८.३३ वर्ष रहेको छ ।

साक्षरता प्रतिशत ७१.८८ रहेको यस जिल्लामा महिला साक्षरता प्रतिशत ६५.२९ र पुरुष साक्षरत प्रतिशत ८०.५९ रहेको छ । यस जिल्लाको प्रमुख पेशाको रुपमा कृषि रहेको छ जसमा ७४.३५ प्रतिशत जनसंख्या कृषि पेशामा निर्भर छन् भने उद्योगमा ५.६६ प्रतिशत, व्यापारमा ७.५२ प्रतिशत, निर्माणमा २.७२ प्रतिशत, विद्युत ०.४९ प्रतिशत, यातायात ०.९८ प्रतिशत र शिक्षामा २.८९ प्रतिशत सार्वजनिक प्रशासन, सामाजिक सुरक्षामा २.७८ प्रतिशत र अन्यमा २.६१ प्रतिशत रहेका छन् । पूर्वधार विकासको क्षेत्रमा महत्वपूर्ण मानिने स्थानीय निकायको सब भन्दा बढी श्रोत परिचालन भएको सडक क्षेत्र रहेको छ । हालसम्म यस जिल्लामा कालोपत्रे

सडक करीब ३७.३ कि.मी.(नगरपालिका भित्र समेतगरी), ग्रावेल सडक ५१.६४ कि.मी., धुले सडक ९४७ कि.मी. गरी कूल जम्मा १०३५.९४ कि.मी. सडक विस्तार भएको छ । सरसफाईको क्षेत्रमा बाग्लुङ जिल्ला पूर्ण रुपमा खुला दिसामुक्त तथा सरसफाई यूक्त जिल्लाको रुपमा १६ माघ २०७० मा नै घोषणा भइसकेको हो ।

गत आ.व. २०७१/०७२ को जिल्ला विकासको वार्षिक प्रगति प्रतिवेदन अनुसार जिविस अनुदानबाट संचालित लक्षित वर्ग उत्थान तथा सामाजिक समावेशीकरण तर्फ सञ्चालित योजना तथा कार्यक्रमहरुमा बालबालिकाका तर्फ जम्मा ६४ वटा कार्यक्रम संचालन गर्ने लक्ष्य राखिएकोमा जम्मा ६१ वटा कार्यक्रम सम्पन्न भई कूल रु १४,८५,००० खर्च भएको छ जसबाट करीब १७१५ जना बालबालिका लाभान्वित भएको पाईन्छ । महिलाका लागि २६ वटा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिइएकोमा जम्मा २२ वटा सम्पन्न भई रु १३,६१,७६८ खर्च गरिएको छ जसबाट करीब ४१०० जना महिला उक्त कार्यक्रमबाट लाभान्वित भएको पाईन्छ । आदिबासी जनजाति तर्फ ११ वटा विभिन्न कार्यक्रमहरु संचालन गर्ने लक्ष्य लिइएकोमा जम्मा ७ वटा मात्र कार्यक्रम सम्पन्न भई रु. ७,५०,००० खर्च भएको र जसबाट करीब ७८५ जना लाभान्वित भएको पाईन्छ । लक्षित वर्ग दलित तर्फ जम्मा २९ वटा कार्यक्रम गर्ने लक्ष्य लिएकोमा २६ वटा कार्यक्रम सम्पन्न भई रु.८,२०,००० खर्च भएको देखिन्छ भने संचालित कार्यक्रमबाट करीब १२१७ जना लाभान्वित भएको पाईन्छ । मुस्लिम तर्फ ३२ वटा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएकोमा शतप्रतिशत कार्यक्रम सम्पन्न भई रु. १,९८,००० खर्च भएको र सोकार्यक्रमबाट १५५ जना लाभान्वित भएको पाईन्छ । फरक क्षमता तर्फ ७ वटा कार्यक्रम लक्ष्य गरिएकोमा शतप्रतिशत सम्पन्न भई रु. १,६०,००० खर्च भई करीब ९८ जना लाभान्वित भएको पाईन्छ । जेष्ठ नागरिक कार्यक्रम ७ वटा लक्ष्य गरिएकोमा ५ वटा कार्यक्रम सम्पन्न भई रु. १,००,००० खर्च भएको छ जसबाट ५५५ जना जेष्ठ नागरिक लाभान्वित भएको देखिन्छ । लक्षित वर्ग अल्पसंख्यक कार्यक्रम तर्फ ४ वटा कार्यक्रम संचालन गर्ने लक्ष्य राखिएकोमा शतप्रतित सम्पन्न भई रु. ५०,००० हजार खर्च भएको र सो कार्यक्रमबाट ७० जना लाभान्वित भएको देखिन्छ । त्यसै गरी सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा संख्या ३०,४९५ जना मध्ये वृद्ध भत्ता पाउने १४,८६४ जना, अपाङ्ग भत्ता पाउने १०२५ जना, एकल महिला तर्फ १७५८ जना, विधवा भत्ता तर्फ ५६४५ जना र बालबालिका संरक्षण अनुदान तर्फ ७२०३ जनाले भत्ता पाएको देखिन्छ । त्यसै गरी ७० वर्ष भन्दा माथिका वृद्धवृद्धाहरुको उपचार खर्च पाउनेमा १२३४९ जना रहेको पाईन्छ । यी माथिका सबै शिर्षकहरुमा भएको सामाजिक सुरक्षा खर्चका लागि जम्मा १२,९४,४४,८६० रुपैया खर्च भएको देखिन आउँछ ।

३. **स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरुः**

क. सर्वसाधरण जनतालाई तत्काल प्रत्यक्ष फाईदा पुग्ने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरु

ख. कृषि उत्पादनमा वृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरु

ग. स्थानीय सीप साधन र क्षमताको परिचालनबाट सञ्चालन हुन सक्ने कार्यक्रमहरु

घ. वातावरण मैत्री कार्यक्रमहरु

ङ. पिछडिएका तथा उत्पिडित जाति जनजाति, महिला, दलित, बालबालिका, फरक क्षमता, मुस्लिम, अल्प संख्यक, लोपोन्मुख जाति, वर्ग र क्षेत्रका कार्यक्रमहरु

४. **गत आर्थिक वर्षको मूख्य मूख्य नीतिहरुः**

क. गरीबी न्यूनीकरण गर्न सामाजिक परिचालनको माध्यमबाट विभिन्न आयआर्जन र चेतनामूलक कार्यक्रम अगाडि वढाउने नीति लिइएको छ ।

ख. विगत वर्ष देखि गाँउ विकास समितिमा जाने अनुदानको रकम वृद्धि भइरहेको सन्दर्भमा जिल्ला विकास समितिले २ वा सो भन्दा वढी गाविसहरु प्रभावित हुने ठूला पूर्वाधार जन्य योजनामा लगानीका लागि प्राथमिकता दिने नीति लिइएको छ ।

ग. जिल्ला विकास समिति बाग्लुङले जिविस र यस अन्तर्गतका निकायहरुले सञ्चालन गरेका विकास कार्यक्रमहरुलाई सुशासन र पारदर्शि प्रत्याभूत गराउन सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण र प्रदान गर्ने सेवाको वारेमा सुसुचित गराउन् नीति अवलम्बन गरेको छ ।

घ. जिल्लामा भईरहेको सिमित आन्तरिक श्रोतलाई वृद्धि गर्न श्रोत वृद्धि हुने क्षेत्र पहिचान गरी कार्यान्वयन अगाडि वढाउने नीति लिइएको छ ।

ङ. जिल्लामा जेष्ठ नागरिकले पाउने सुविधा लगायत दलित बालबालिका, एकल महिला, लोपोन्मुख जाति, द्वन्द्ध पिडित लगायतका वर्गले प्राप्त गर्ने सुविधामा सरलता होस भनी अभिलेख तयार गर्ने र वार्षिक रुपमा परिमार्जन गर्दै जाने नीति बनाएको छ साथै सर्वसाधारणको जानकारीका लागि सो सम्बन्धिका विवरणहरु वेब साईडमा राख्ने व्यवस्था मिलाइएको छ ।

च. पर्यटन, प्रकृतिक प्रकोप, एच.आई.भि.एडस, संचार क्षेत्र, वित्तीय क्षेत्र, निजी क्षेत्र, जलवायू परिवर्तन, संगठनात्मक सुधार, अन्वेषण, मानव अधिकार, सुशासन, साझेदारी, समन्वय, उद्योग, वाणिज्य, विज्ञान प्रविधि, लैङ्गिक समता लगायतका क्षेत्रमा जिल्लाको क्षमता र आवश्यकताको आधारमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने लक्ष्य राखिएको ।

छ. पूर्वाधार जन्य प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्दा स्थानीय स्वायत्त शासन ऐन नियम अनुसार सरकारी, गैर सरकारी, सहकारी र निजि क्षेत्रहरुसँग समन्वयात्मक प्रयास अगाडि वढाउने नीति लिइएको छ साथै गैसस डेस्कलाई सक्रिय बनाइने छ ।

ज. जिल्ला विकास समितिको भूमिका मूलत: सहजकर्ता, नियमक, अनुगमन र मूल्यांकनको हुनेछ । कार्यक्रम आयोजना कार्यान्वयन गर्दा जिल्ला विकास समिति आफैले मात्र नगरि सम्बन्धित विषयगत कार्यालय, गाविस, नगरपालिका, गैसस वा सामुदायिक संस्था, उपभोक्ता समिति र निजी क्षेत्र मार्फत समेत गर्ने गराउने नीति अवलम्बन गरिएको छ ।

## ५. गत वर्षको मूख्य मूख्य उपलब्धिहरु:

१. जिल्लाको ५९ वटै गाविसहरु र १ नगरपालिका सहित जिल्लालाई नै खुला दिसामुक्त जिल्ला घोषणा गरी पूर्ण सरसफाई यूक्त जिल्लाको रुपमा अगाडि बढेको ।
२. जिल्ला स्तरीय खानेपनी तथा सरसफाई सम्बन्धि पाँचवर्षे रणनीति Wash योजना स्वीकृत भई कार्यान्वयन भईरहको ।
३. ५४ वटा गाविसमा सडक सञ्जालले छोएको र स्थानीय जनतामा याता यातको सुविधामा वृद्धि भएको ।
४. सेवाग्राही सुन्तुष्टि सर्वेक्षण गरी विश्लेषण गर्ने गरिएको ।
५. गत वर्षमा थप ७ वटा झोलुङ्गे पुल सम्पन्न भई प्रयोगमा आएको
६. जिल्ला विकास समितिका गतिविधिहरु एफ.एम.रेडियो मार्फत प्रचार प्रसार गर्ने गरिएको ।

## ६. सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा:

| सामाजिक जिम्मेवारीका क्षेत्रहरु | गत आ.वर्षको अवस्था | प्रयास | आ.ब.२०७१/०७२ को उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य:** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | ८९% | | सूचना उपलब्ध नभएको |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | ६६% | | ७६.२४% |

| | | | |
|---|---|---|---|
| खोपमा पहुँच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | १००% | लक्ष्यमा आधारित उपलब्धि भएकोले १००% नै पनि हो । | ९३% |
| ४ पटक गर्भवती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ७३% | लक्ष्यमा आधारित उपलब्धि भएकोले १००% नै पनि हो । | ६४% |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ४९% | लक्ष्यमा आधारित उपलब्धि भएकोले १००% नै पनि हो । | ४४% |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | ० | पूर्ण सरसफाई कार्यक्रमलाई विस्तार गरिएको छ | ० |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ५२,४०४ | | २००००० जना |
| **शिक्षा:** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | १५१ | | ० |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ६६.१% | | ७७.७% |
| प्राथमिक विद्यालयमा पहुच नभएका उमेर समुहका बालबालिका संख्या / प्रतिशत | २.३% | | ४.६% |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | खुद भर्ना दर ९७.७% | | कूल ९८.७%<br>छात्र: ९८.८%<br>छात्रा:९८.५% |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | कक्षा छोड्ने ४.६%<br>कक्षा दोहोर्याउने ११.७%<br>उत्तीर्ण हुने: ८३.७% | | कक्षा छोडने: ८%<br>दोहोर्याउने: ११.२%<br>उत्तीर्णा: ८८.८% |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | ९५.०२% | | ९५.७% |
| प्रति कक्षा कोठा औसत विद्यार्थी संख्या | २० जना | | सूचना प्राप्त नभएको |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | ८० | | सूचना प्राप्त नभएको |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | १२० | | सूचना प्राप्त नभएको |
| दलित बालबालिकाको शिक्षमा पहुच | २३२९१ | | २२०४८ जना |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ९७.४% | | ९८.९३% |
| सौचालय भएको संख्या वा प्रतिशत | १००% | | १००% |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | ७४% | | १००% |
| सौचालय भएको परिवार संख्या | १००% | | १००% |
| सुधारिएको चुलो भएको परिवार संख्या | १४६९१ | २ मुखे चूलो प्रवर्द्धक तालिम संचालन जम्मा ५० जनालाई | पूर्णसरसफाई घरधुरीमा अनिवार्य सूचको रुपमा रहेको । |

| | | | |
|---|---|---|---|
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | ० | | ० |
| सामाजिक बिकृति, विसंगति | ० | | शहरी क्षेत्रमा लागु औषध प्रयोग गर्नेको संख्यामा वृद्धि हुदै गएको<br><br>जातिय छुवाछुत कानूनले वर्जित गरेता पनि व्यवहारमा अझै पनि कायम नै रहेको । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | २९ जनाले स्वास्थ्य उपचार सेवा प्राप्त गरेको | सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकता दिएको । | १२३४९ जना वृद्ध बृद्धाले स्वास्थ्य उपचार खर्च प्राप्त गरेको । |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | ० | बालश्रम सम्बन्धि सचेतनामूलक कार्यक्रम संचालनमा जोड दिएको । | बालश्रमको अवस्थामा कुनै प्रकारको उल्लेखनीय उत्तार चढाव नभएको । |
| बाल क्लवहरूको अवस्था | बाल कल्ब १५४<br>बालविकास १२४ | बाल क्लब र बाल विकास | बल क्लब ३९१<br>बालविकास केन्द्र १३६ |
| महिला हिंसा | १०४ | | ११९ वटा केस दर्ता भएको |
| रोजगारीको अवस्था | ० | | सूचना प्राप्त नभएको |
| स्वरोजगारका प्रयासहरू | ५२९ | लघुउद्यमलाई प्राथमिकता दिएको | जम्मा सकिग उद्यमी संख्या ६३१ |
| गरिवी निवारणका प्रयासहरू | ० | गरिब घरपरिवार पहिचान कार्यक्रम<br><br>सामाजिक परिचालन को माध्यबाट ऋण तथा बचत परिचालन | विप्रेषणबाट आर्थिक अवस्थामा सुधार भएता पनि अन्य घरपरिवारमा खासै परिवर्तन नभएको |
| सामाजिक परिचालन | ० | एल.जि.सि.डि.पी कार्यक्रम सबै गाविस संचालन गरेको । | नागरिक सचेताना, महिला साक्षरतामा वृद्धि, जन्म,मृत्य, विवाह दर्तामा वृद्धि,आयआर्जनमा वृद्धि भई घर व्यवहार चालाउन सक्षम । |
| वातावरण सुधारका प्रयासहरू | | • Total Sanitaiton<br>• Climate change<br>• आकाशेपानी संकलन<br>• सोलर लिफ्टिङ (काँडेबास र सुखौरा) | १६ माघ २०७० धौलागिरी अन्चल नै ODF घोषणा गरेको काँडेवास गाविस र सुखौरा गरी जम्मा ८६ घरधुरी को ६४१ जना लाभान्वित |
| विकासमा समान सहभागिता | | | श्रम गर्ने कार्यमा स्थानीय वासीको कम सहभागिता समान कामको समान |

| | | | |
|---|---|---|---|
| | | | ज्याला भनिएता पनि व्यवहारमा फरक देखिन्छ |
| **सेवाहरूमा पहुँच** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | १ घण्टा ५ मिनेट | | १ घण्टा ५ मिनेट |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | १ घण्टा २२ मिनेट | | १ घण्टा २२ मिनेट |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | विभिन्न आयमूलक कार्यक्रमहरु संचालन | | लक्षित वर्ग कार्यक्रम अन्तर्गत सीप विकास, क्षमता अभिवृद्धि र आयआर्जनमा जोड दिएको । |
| **संस्थागत क्षमता** | | | |
| जिल्ला विकास समिति बाग्लुङको जनशक्ति विवरण (जिविस र गाविस) | कूल दरबन्दी: १०४ | जम्मा पदपूर्ति: ८६<br>अस्थायी: १८ जना | रिक्त दरबन्दी: १८ |
| नीति तथा कार्यक्रम | क. गरीबी न्यूनीकरण गर्न सामाजिक परिचालनको माध्यमबाट विभिन्न आयआर्जन र चेतनामूलक कार्यक्रम अगाडि वढाउने नीति लिइएको छ ।<br>ख. विगत वर्ष देखि गाउ विकास समितिमा जाने अनुदानको रकम वृद्धि भइरहेको सन्दर्भमा जिल्ला विकास समितिले २ वा सो भन्दा वढी गाविसहरु प्रभावित हुने ठूला पूर्वाधार जन्य योजनामा लगानीका लागि प्राथमिकता दिने नीति लिइएको छ ।<br>ग. जिल्ला विकास समिति बाग्लुङले जिविस र यस अन्तर्गतका निकायहरुले सञ्चालन गरेका विकास कार्यक्रमहरुलाई सुशासन र पारदर्शि प्रत्याभूत गराउन सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण र प्रदान गर्ने सेवाको वारेमा सुसुचित गराउने नीति अवलम्बन गरेको छ ।<br>घ. जिल्लामा भईरहेको सिमित आन्तरिक श्रोतलाई वृद्धि गर्न श्रोत वृद्धि हुने क्षेत्र पहिचान गरी कार्यान्वय अगाडि वढाउने नीति लिइएको छ<br>ङ. जिल्लामा जेष्ठ नागरिकले पाउने सुविधा लगायत दलित बालबालिका, एकल महिला, लोपोन्मुख जाति, द्वन्द्व पिडित लगायतका वर्गले प्राप्त गर्ने सुविधामा सरलता होस भनी अभिलेख तयार गर्ने र वार्षिक रुपमा परिमार्जन गर्दै जाने नीति बनाएको छ साथै सर्वसाधारणको जानकारीका लागि सो सम्बन्धिका विवरणहरु वेब साईडमा राख्ने व्यवस्था मिलाइएको छ ।<br>च. पूर्वधार जन्य प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्दा स्थानीय स्वायत्त शासन ऐन नियम अनुसार सरकारी, गैर सरकारी, सहकारी र निजि क्षेत्रहरुसँग समन्वयात्मक प्रयास अगाडि वढाउने नीति लिइएको छ साथै गैसस डेस्कलाई सक्रिय बनाइने छ । | | |
| भौतिक व्यवस्था | **क. भवन:**<br>१. बा.न.पा.३ मा करीब ३ रोपनी क्षेत्रफलमा निर्मित ४ तले ३९ कोठा सहितको आर सी.सी. भवन<br>२. बा.न.पा. ११ उपल्लो चउरमा ३४४४।४८ वर्ग मिटर क्षेत्रफलमा निर्मित १ तले १६ कोठा भएको भवन<br>३ खर्बाङ बजारमा ५ रोपनी जग्गामा निर्मित ३२ कोठा भएको ४ वटा भवन (कच्ची ढुङ्गा माटोबाट निर्मित)<br>४. बा.न.पा. २ मा रहेको पुरानो भवन १<br>**ख. जग्गा:**<br>१. बा.न.पा. वडा नं. १ मा ४-९-३-२ क्षेत्रफल जग्गा | | |

| | |
|---|---|
| | **५. सवारी साधन:**<br>१. सरकारी गाडी अरमदा (बा.१.फ.४९५४)<br>२. सरकारी गाडी मज्दा पिक अप (बा.१.फ.४९२६)<br>३. सरकारी गाडी टाटा पिक आप (बा.१फ ५७३७)<br>४. सरकारी गाडी टाटा (बा१फ ९२८५)<br>५. सरकारी मोटर साईकल जम्मा ४ वटा |
| समन्वय र सहकार्यका प्रयासहरू | १. विषयगत कार्यालयहरु, गैससहरु, नीजि क्षेत्र, सहकारी आदि विकासका प्रमुख सरोकारवालाहरुसँग समन्वयात्मक तरिकाले विकासका गतिविधि अघि बढाउन पहल गर्ने ।<br>२. जिविस मूलत नियमक निकाय भएकाले गैसस, सामुदायिक विकास संस्था, उपभोक्ता समिति मार्फत आयोजनाहरु कार्यान्वयन गर्ने । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | पिछडिएका वर्ग, क्षेत्र र समुदायका लागि आर्थिक, सामाजिक सवलीकरणका कार्यक्रमहरु |

**सामाजिक परीक्षकको:**

नाम: भोजराज सुनुवार र चन्द्रबहादुर कटुवाल

दस्तखत:

विकास चौतारी नेपाल, काठमाण्डौ ।

मिति: २२ असोज २०७२

६. **सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताको तुलनात्मक विश्लेषण:**

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | कैफियत |
|---|---|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | ८७% | यास वर्षको सूचना प्राप्त नभएको | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | ६६% | ७६.२४% | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | १००% | ९३% | |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ७३% | ६४% | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ४९% | ४४% | |
| झाडा पखालाबाट मृत्यु हुने बालवालिका संख्या | ० | ० | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी वा परिवार संख्या | ५२,१२४ | २००००० जना | |

७. **आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू:**

क. समयमा बजेट निकासा नहुँदा कार्यक्रम कार्यान्वयन गर्नमा समस्या

ख. निर्वाचित स्थानीय निकायको अभावमा स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा कठीनाई

ग. बढदो जनसंख्या र उनीहरुको चाहाना बमोजिम जनशक्तिको कमी

८. **भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू:**

क. सबै सम्बन्धित सरोकारवालाहरुले कार्यक्रम कार्यान्वयनमा चासो दिई अपनत्व लिन पर्ने ।

ख. स्थानीय आवश्यकतामा आधारित Buttom up approach मा काम गर्नुपर्ने,

ग. स्वास्थ्य सेवालाई अन्य सामाजिक सेवाका क्षेत्रहरुसँग आवद्ध गर्ने,

**सामाजिक परीक्षकको:**

नाम: भोजराज सुनुवार र चन्द्रबहादुर कटुवाल

दस्तखत:

विकास चौतारी नेपाल, काठमाण्डौ ।

मिति: 23 श्रावण 2072

## ६.२ विषयगत कार्यालय र गैर सरकारी संस्थाको विवरण:

१. **जिल्ला स्वास्थ्य कार्यालय, बागलुङ**

२. **लक्ष्य:**

आधारभूत मानव अधिकारको रुपमा सबै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा पहूँच वृद्धि गरी न्यायोसँगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने ।

३. **मूख्य उद्देश्यहरु**

क. नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने ।

ख. प्रत्येक नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक सामग्री एबं स्वास्थ्य कर्मीहरु सहितको प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।

ग. स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने ।

४. **गत आर्थिक वर्षमा संचालित विकास योजना तथा मूख्य कार्यक्रमको विवरण**

| **संचालित कार्यक्रम / आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | ० | ० | तथ्यांक उपलब्ध नभएको |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | १०.२४% | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | ९३% | लक्ष्य अनुसारको उपलब्धि |
| ४ पटक गर्भवती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | ६४% | वर्थिङ सेन्टरको वृद्धि भएको |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | ४४% | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | ० | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | २,००,००० जना | |
| परिवार नियोजना सेवा | १००% | ५२% | |
| खोप सेवा | ९०% | ९१% | |
| पोषण सेवा | | ५१% | |
| प्रसुती सेवा | ९५% | ४८% | |

५. **सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

क. स्वास्थ्य तथा जनसंख्या व्यवस्थापनका लागि गुणस्तरीय स्वास्थ्य सेवामा जोड

ख. ग्रामिण स्तरमा सुलभ स्वास्थ्य सेवा पुर्‍याउन उचित जनशक्तिको व्यवस्थापनमा जोड

ग. महिला बालबालिका तथा बृद्धबृद्धाहरुलाई प्राथमिकताका साथ कार्यक्रम संचालन गर्ने,

| | | | |
|---|---|---|---|
| | उत्तीर्ण हुने: ८३.७% | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | ९५.०२% | ९५.७% | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | २० जना | सूचना प्राप्त नभएको | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | ८० | सूचना प्राप्त नभएको | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | १२० | सूचना प्राप्त नभएको | |
| दलित बालबालिकाको शिक्षामा पहुँच | २३२९१ | २२०४८ जना | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू:

क. समयमा निकासा प्राप्त नहुँदा कार्यक्रम कार्यान्वयनमा कठीनाई

ख. पूर्ण साक्षर घोषणामा स्थानीय निकाय नहुँदा गाविसले तत्परता नदेखाउँदा कार्यक्रम कार्यान्वयनमा कठीनाई

ग. नि.मा.वि. र मा.वि. मा शिक्षक दरबन्दी कम हुँदा शैक्षिक उपलब्धिमा वृद्धि हुन नसक्नु

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू:

क. सबै सम्बन्धित सरोकारवालाहरुले कार्यक्रम कार्यान्वयनमा चासो दिई अपनत्व लिन पर्ने ।

**सामाजिक परीक्षकको:**

नाम: भोजराज सुनुवार र चन्द्रवहादुर कटुवाल

दस्तखत:

विकास चौतारी नेपाल, काठमाण्डौ ।

मिति: 23 असोज 2062

१. **जिल्ला शिक्षा कार्यालय, बागलुङ**

२. **लक्ष्य:**

क. जिल्ला भित्र रहेका सम्पूर्ण उमेर समूहका बालबालिका तथा प्रौढहरुलाई साक्षर बनाउने ।

ख. गुणस्तरीय शिक्षा कायम गरी सुशिक्षित समाज स्थापना गर्ने,

३. **मूख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)**

क. शिक्षामा सबै बालबालिकाको पहूँच

ख. गुणस्तरीय शिक्षामा वृद्धि

ग. संस्थागत क्षमतामा अभिवृद्धि

४. **गत आर्थिक वर्षमा संचालित विकास योजना तथा मुख्य कार्यक्रमको विवरण**

| **संचालित कार्यक्रम / आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार कार्यक्रम | ५२८ | ५२८ | सबै विद्यालयमा कार्यक्रम संचालन भएको । |
| सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम | ३ | ३ | शिक्षक तालिम, तलब भत्ता, शैक्षिक सामग्रीमा सहयोग । |
| प्रारम्भिक बाल विकास केन्द्रमा खुद भर्नादर | ८०% | ७७.७% | |
| प्राथमिक तहको खुद भर्नादर | १००% | ९५.४% | |
| साक्षरता प्रतिशत | ८५% | ७१.८८% | |
| कक्षा १ को खुद भर्नादर | १००% | ९८.७% | |

५. **सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू:**

क. जिल्लालाइ क्रमश: नि:शूल्क तथा अनिवार्य आधारभूत शिक्षाको घोषणा गर्दै जाने

ख. पूर्ण साक्षर गाविस र जिल्ला घोषणा गर्ने

ग. सबै विद्यालयमा ICT base education सञ्चालन गर्ने

घ. व्यवसायिक शिक्षा, वालमैत्री विद्यालय, विद्यालय शान्ति क्षेत्र अभियान, परीक्षा पद्धतिमा सुधार

ङ. सृजनशिल सिकाईमा जोड

च. गुणस्तरीय बाल बिकास केन्द्र

छ. सिकाई उपलब्धि अभिवृद्धि योजना कार्यक्रमबाट शैक्षिक गुणस्तर वृद्धि गर्ने ।

६. **सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताको तुलानात्मक विश्लेषण :**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **आ.ब. २०७०/०७१** | **आ.ब. २०७१/०७२** | **कैफियत** |
|---|---|---|---|
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | १५१ | ० | तथ्यांक प्राप्त नभएको । |
| प्रारम्भिक बाल विकासमा खुद भर्नादर | ६६.१% | ७७.७% | |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | २.३% | ४.६% | |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | खुद भर्ना दर ९७.७% | खुदभर्ना दर: ९८.७% | छात्र: ९८.८%<br>छात्रा:९८.५% |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | कक्षा छोड्ने ४.६%<br>कक्षा दोहोर्याउने ११.७% | कक्षा छोडने: ८%<br>दोहोर्याउने:११.२%<br>उत्तीर्णा: ८८.८% | |

७. **आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

क. धेरै अयोजनाहरुमा मूल विवाद हुने गरेको ।

ख. उपभोक्ता समितिको व्यवस्थापकिय र कार्य दक्षता अत्यन्त न्यून रहेको ।

८. **भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. श्रोत उपयोग सम्बन्धि स्पष्ट नीति लागु कार्यान्वयन गर्नुपर्ने ।

**सामाजिक परीक्षकको:**

नामः भोजराज सुनुवार र चन्द्रबहादुर कटुवाल

दस्तखतः ...........

विकास चौतारी नेपाल, काठमाण्डौ ।

मितिः २३ ९। [illegible] २०६२

१. **खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बागलुङ**

२. **लक्ष्यः**

क. खानेपानी सेवामा पहूँच

ख. सरसफाई सेवा सञ्चालन

३. **मूख्य उद्देश्यहरुः**

क. स्वच्छ खानेपानीको सेवा जनतामा पुर्‍याउने ।

ख. सरसफाई सेवामा विस्तार गरी जनताको स्वास्थ्यमा सुधार ल्याउने ।

४. **गत आर्थिक वर्षमा संचालित विकास योजना तथा मूख्य कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| खानेपानी तथा सरसफाई आयोजना | ३१ वटा | २ वटा आयोजना सम्पन्न | |
| मध्यम तथा ठूला खानेपानी आयोजना | ६ वटा | १४ वटा स्किम सम्पन्न | |
| वातावरणीय सरसफाई आयोजना | १ वटा | २ वटा गाविसमा पूर्ण सरसफाई कार्यक्रम सञ्चालन | |
| वर्षातको पानी संकलन | ३ वटा | १ वटा विद्यालयमा कार्यक्रम सम्पन्न | |
| गुणस्तर सुधार आयोजना | १ वटा | क्रमागत रहेको । | |
| खानेपानी सुरक्षा योजना | ३ वटा | ३ वटा | |
| दोश्रो साना सहरी खानेपानी आयोजना | १ वटा | निर्माणधिन अवस्थामा | निरन्तर |

५. **सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरूः**

क. सरसफाई कार्यक्रमको जनचेतनाको लागि सञ्चार माध्यमबाट प्रचार प्रसार गरिएको ।

६. **सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताको तुलनात्मक विश्लेषण :**

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | कैफियत |
|---|---|---|---|
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ९७.४% | ९८.९३% | |
| सौचालय भएको घर परिवार प्रतिशत | १००% | १००% | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | ७४% | १००% | |
| सुधारिएको चुलो भएको परिवार संख्या | १४६९१ | बृद्धि भएको छ तर तथ्यांक अद्यावधिक नभएको । | पूर्णसरसफाई घरधुरीमा अनिवार्य सूचको रुपमा रहेको । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू:**

क. कार्य क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न यातायातको असुविधा

ख. सहभागिहरुले भत्ता खोज्ने र कार्यक्रम सञ्चालन गर्न कठीनाई

ग. कार्यालय दरबन्दी अनुसार कार्मचारी नहुनु ।

घ. समयमा विकास बजेट निकासा नहुनु

ङ. बन्द हडतालको कारण कार्यक्रम सञ्चालनमा कठीनाई

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू:**

क. कार्यक्रमको निरन्तरता हुनु पर्ने,

ख. अनुशिक्षण कार्यक्रम सहभागिहरुलाई भत्ताको व्यवस्था गर्नुपर्ने

ग. बिना बजेटको कार्यक्रम राख्न नहुने,

**सामाजिक परीक्षकको:**

नाम: भोजराज सुनुवार र चन्द्रबहादुर कटुवाल

दस्तखत:

विकास चौतारी नेपाल, काठमाण्डौ ।

मिति: २३ असोज २०७२

१. **महिला तथा बालबालिका कार्यालय, बागलुङ**

२. **लक्ष्य:**

सक्तिकरण, मूलप्रवाहीकरण र समावेशीकरण ।

३. **मूख्य उद्देश्यहरु**

क. आर्थिक सामाजिक, साँस्कृतिक, राजैनितक रुपमा पिछडिएका वर्गहरु अवसरबाट वञ्चित रहेका महिलाहरुको विकासका लागि चरणबद्ध रुपमा चेतना अभिवृद्धि, क्षमता विकास एवं सामाजिक परिचालनको माध्यमबाट स्थानीय स्तरमा सक्षम महिला, आत्मनिर्भर सामुदायिक संस्था निर्माण गर्ने ।

ख. महिला सशक्तिकरण गरी लैङ्गिक मूल प्रवाहीकरण गर्ने गराउने ।

४. **गत आर्थिक वर्षमा संचालित विकास योजना तथा मूख्य कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| लक्षित समुह सहभागिता, समुह/समिति गठन | १९६ समुह<br>२६ समिति | १९६ समुह<br>२६ समिति | सागठनिक विकास भएको |
| व्यक्तित्व विकास प्रशिक्षण अनुशिक्षण | ३३ समुहको<br>९९० जना | ३३ समुहको<br>९९० जना | निर्णय गर्ने क्षमतामा विकास<br>वचत गर्ने बानीको विकास, आफनो समस्या राख्न सक्ने क्षमताको विकास |
| लेखापालन तालिम | २० जना | २० जना | |
| किशोरी विकास तालिम | ३० जना | ३० जना | |

५. **सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

क. समतामय सम्पन्न समुदाय

ख. सार्थक अभियानका लागि विपन्न महिलाको साथ

६. **सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताको तुलनात्मक विश्लेषण :**

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | कैफियत |
|---|---|---|---|
| महिला हिंशा | | ११९ जना | |
| अपाङ्गता परिचय पत्र | | २३९ जना | क. वर्गको २४ जना<br>ख. वर्गको ८८ जना<br>गं वर्गको ७६ जना र<br>घ. वर्गको ५१ जना |
| सामाजिक सुरक्षामा गरिएको कार्यक्रमको संख्या तथा गुणात्मक उपलब्धि | २९ जना | २३१ जना | |

५. **सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू:**

क. स्थानीय स्रोत पहिचान र परिचालन
ख. लक्षित र सिमान्तकृत समुदायको पहुँच अभिवृद्धिका लागी उनीहरुलाई प्राथमिकता
ग. सरोकारवाला निकाय संगको समन्वय र सहकार्य
घ. सकरात्मक र सफलताका कुराहरुको प्रचारप्रसार
ङ. कार्यान्वयन समिक्षा र पुन कार्यान्वयन
च. अनुगमन, मुल्यांकन र पृष्ठपोषण

६. **सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताको तुलनात्मक विश्लेषण :**

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | कैफियत |
|---|---|---|---|
| शान्ति शुसासन र मानव अभिकार | | सामुदायिक अंक पत्रको माध्यमद्धारा स्थानिय निकायको सेवा प्रवाहमा सुधार र स्थानिय निकायको कानुनी र नितिगत व्यवस्था पालना, अनुगमन कार्यक्रम संचालन । | पहिलो पटक गैससहरु मध्येबाट नमूना छनौट |
| कृषि वन तथा वातावरण | | दमेक गाविसको १२२२ घरपरिवार अर्न्तगत कृषि र पशुपालन र वातावरण संरक्षण सम्वन्धि विभिन्न क्रियाकलापहरु संचालन । | |
| खानेपानी स्वास्थ्य तथा सरसफाई | | संस्थाले कार्यक्रम संचालन गर्दै आईरहेका क्षेत्रहरुमा स्थास्थ्य र सरसफाई अभिवृद्धि सम्वन्धि विभिन्न क्रियाकलापहरुलाई आफ्ना हरेक क्रियाकलापहरुमा समावेश गर्दै आईरहेको छ । | |
| शशक्तिकरण, आयआर्जन र क्षमता अभिवृद्धि | | कार्यक्रम संचालित क्षेत्रमा र संस्थागत रुपमा क्षमता अभिवृद्धिका विभिन्न क्रियाकलापहरु संचालन गरिरहेको छ । | |

७. **आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :**

क. लक्षित समुदायको मागमा विविधता भई अपेक्षा वढि राख्नु ।
ख. स्रोत साधनमा कमी ।
ग. राष्टिय राजनितिक अस्थिरता ।

८. **भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)**

क. प्रभावकारी जनसहभागितमा जोड
ख. स्थानिय सरोकारवाला संगको प्रभवकारी समन्वय र सहकार्य
ग. सवल पक्षहरुको प्रचारप्रसार ।
घ. निरन्तर अनुगमन तथा मुल्यांकन र पृष्ठपोषण

**सामाजिक परीक्षकको:**

नाम: भोजराज सुनुवार र चन्द्रबहादुर कटुवाल

दस्तखत:

विकास चौतारी नेपाल, काठमाण्डौ ।

मिति: २४ असोज २०७२

१. **गैर सरकारी संस्थाको नाम: दिपज्योति युवा क्लव (DYC), वागलुङ**

२. **लक्ष्य:**

क. सिमान्तकृत समुदयाको आवश्यकता माथि गुणस्तरीय र प्रभावकारी सर्वसुलभ सेवामा पहुँच अभिवृद्धिका लागी दक्ष मानव स्रोतको सहायताले चौतर्फी विकास गर्न शशक्त संगठनात्मक क्षमता अभिवृधिद्ध गर्ने ।

३. **मूख्य उद्देश्य (बुंदागत रूपमा लेख्ने)**

क. शुसासन र मानव अभिकार सुनिश्चितताका लागी कार्यक्रम संचालन गर्ने ।

ख. सिमान्तकृत वर्गको उत्थानका लागी सशक्तिकरण र आर्यआजनमा टेवा पुर्‍याउने कार्यक्रमहरु संचालन गर्ने ।

ग. समुदायमा स्वच्छ खानेपानी स्वस्थ्य शिक्षा तथा सरसफाई सुविधा उपलव्ध गराई स्वास्थ्यमा सुधार ल्याउने ।

घ. स्रोत र साधनको उचित व्यवस्थापन र पहिचान मार्फत भौतिक निमार्ण र वातावरण मैत्री क्रियाकलाप संचालन गरि जिवन यापनमा सुविधा ल्याउने

ङ. जोखिममा परेका र फरक क्षमता भएका वर्गहरुको हक हितका लागी जिवन पद्धतिमा सुधार ल्याउने कार्यक्रम संचालन गर्ने ।

४. **गत आर्थिक वर्षमा संचालित विकास योजना तथा मुख्य कार्यक्रमको विवरण**

| **संचालित कार्यक्रम / आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| साना उद्यमी प्रवर्धन परियोजना - दमेक | १२२२ घरपरिवारलाइ | • ३० जना कृषकहरु व्यवसायिक वाखापालन व्यवसाय वाट वार्षिक २ लाख भन्दा वढि आम्दानी गर्न सफल भएका छन् ।<br>• २७ जना कृषक व्यवसायिक तरकारी खेति व्यवसाय वाट वाषिक १लाख पचास हजार सम्म आम्दानी लिन सफल भएका छन् । | |
| सामुदायिक अंक पत्रको माध्यमद्धारा स्थानीय निकायको सेवा प्रवाहमा सुधार कर्यक्रम | स्थानिय निकायले प्रदान गर्ने सेवा सुविधामा सुधार ल्याउनु | • गाविसका स्थानिय सेवा प्रदायक निकाय नागरिक प्रति उत्तरदायि वन्दै गएका छन् ।<br>• नागरिकहरु स्थानिय निकायको सेवा सुधारका लागी चनाखो र सक्रिय भएर लाग्न थालेका छन् | |
| दोस्रो शाना शहरी खानेपानी तथा सरसफाई आयोजना | स्वास्थ्य र सरफाई सम्वन्धि जनचेतना अभिवृद्धि गर्नु । | वागलुङ नगरपालिका क्षेत्रका नागरिकहरुले खानेपानी स्वास्थ्य र सरसफाईका क्षेत्रमा थप ज्ञान हासिल गरि सरसफाईमा ध्यान दिन थालेका छन । | |
| स्थानिय निकायको कानुनी र नितिगत व्यवस्था पालना अनुगम कार्यक्रम | स्थानीय निकायबाट प्रदान गरिने सेवा तथा सुविधा प्रति नागरिक सचेतना अभिवृद्धि गर्ने । | • स्थानिय निकायवाट प्राप्त हुने सेवा र तिनको प्रक्रियाका वारेमा जानकारी हासिल<br>• स्थानिय सेवा प्रदायक नीकायले प्रदान गर्ने सेवा सुविधाहरुलाई नीतिगत रुपमा चुस्त वनाउदै लैजाने कर्यको थालनी<br>• सेवा प्रदायक र सेवाग्राहीहरुले अधिकार र कर्तव्यको वोध गरि सेवा लिने र दिने कार्यको थालनी भएको छ । | |
| सस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | समय सापेक्ष रुपमा संस्थाको क्षमता अभिवृद्धि गर्दै लैजानु | • संस्थामा कार्यरत जनशक्तिको कार्यक्षमता प्रभावकारी वन्दै गएको छ । | |

## ७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु वा उपलब्धिहरु

क. सडक, सिंचाई, खानेपानी तथा सरसफाई जस्ता कार्यक्रमको साथमा सञ्चालित आयमूलक कार्यक्रमको माध्यमबाट पिछडिएका वर्ग, क्षेत्र र समुदायका जनताको आर्थिक सामाजिक सवलीकरणमा टेवा पुगेको ।

ख. आयोजनाहरुको परफारक गर्नुपूर्व आयोजना स्थलमा सरोकारवालाहरुको भेलाले सार्वजनिक परिक्षण गर्ने कार्य भएको ।

ग. ५९ गा.वि.स. र १ नगरपालिका ODF घोषणा भए पछि पनि त्यसको निरन्तरताका लागि पूर्ण सरसफाई कार्यक्रम खानेपानी तथा सरसफाई कार्यालय, जिल्ला विकास र अन्य सरोकारवाला संघसंस्थाहरुसँग मिलेर सरसफाई कार्यक्रम संचालन गर्ने गरेको जसले गर्दा पूर्ण सरसफाई प्रति सचेतनामा वृद्धि भएको ।

घ. जि.वि.स.का गतिविधिहरु स्थानीय सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने व्यवस्था गरिएकोले कार्यक्रम प्रति सबैको जानकारी र पारदर्शितामा वृद्धि भएको ।

ङ. सामाजिक सुरक्षाको भत्ता रकम प्राप्त गर्ने व्यक्तिहरुको नामावली अद्यावधिक गरी बैकिङ प्रणाली मार्फत् निकासा तथा वितरणको व्यवस्था मिलाइएको र थप जानकारीको लागि जिविसको वेबसाईटमा समेत राखिएको ।

च. जिल्लास्तरका विकास निर्माणका गतिविधिहरु सञ्चालनमा जिल्लास्तरिय राजनीतिक दलहरुको समन्वय र सहयोग प्रभावकारी रहेको ।

छ. जिल्ला विकास समितिले जिल्लाको समग्र विकासको लागि विभिन्न गैर सरकारी संघ संस्था, सहकारी, नीजिक्षेत्र, उद्योगी, व्यापारीहरुसँग समन्वय गरी साझेदारीतामा विकास निर्माणका कार्यहरु सञ्चालन गर्ने गरेको ।

ज. यस जिल्लालाई पर्यटन गन्तव्यका रुपमा विकास गर्नका लागि पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गर्ने नीति जिल्ला विकास समितिले अवलम्वन गर्ने गरेको ।

झ. जिल्लाका विभिन्न गाविसहरुमा सामाजिक परिचालनको माध्यमबाट स्थानीय निकायबाट प्रवाह गरिने सेवा तथा सुविधाको वारेमा सेवाग्राहीहरुलाई सचेतना अभिवृद्धि गरेकोले स्थानीय जनतामा स्थानीय निकायबाट प्रदान गरिने सेवा तथा सुविधाको वारेमा चासो राख्ने र आफूले पालना गर्नुपर्ने नियम र प्रकृयाको वारेमा सचेतना वृद्धि भएको छ ।

ञ. लक्षित वर्गको योजना तथा कार्यक्रमहरुबाट बालबालिका, महिला, वृद्धवृद्धा, लोपोन्मुख, आदिवासी जनजाति तथा पिछडा वर्गमा जिविसको कार्यक्रम तथा योजना प्रति चासो र अपनत्वमा वृद्धि भएको छ ।

ट. स्थानीय निकाय र निश्चित विषयगत कार्यालयहरुको विवरण मात्र प्रस्तुत गर्ने गरिएकोमा यस पटक गैससको विवरणलाई पनि प्रस्तुत गरिएको ।

## ८. सामाजिक जिम्मेवारी बहनको क्षेत्र तथा क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सुचक सहितको कामको विवरण |
|---|---|
| **Participation**<br>जनसहभागीताको अवस्था कस्तो रह्यो तथा जनसहभागीता वृद्धिका लागी भएका प्रयत्नहरु । | • सडक खन्ने जस्ता काममा Machine को प्रयोगले गर्दा जनसहभागीतामा कमि भएको र बैदेशिक रोजगारको कारण स्थानीय स्तरमा श्रम शक्ति पाउन समेत कठीनाई भएको प्रतिक्रिया स्थानीय जनताबाट आएको थियो । |

| | |
|---|---|
| | • उपभोक्ता समिति गठन गर्दा नीतिगत रुपमा नै समावेशी हुनुपर्ने भएकोले औपचारिकता पुरा गर्ने गरेको तर उनीहरुको अर्थपूर्ण र सक्रिय सहभागितामा जोडदिनु पर्ने देखिन्छ। |
| **Equity/Inclusiveness**<br>समानुपातिक प्रतिनिधित्व र समान अवसरलाई योजनाले कसरी संवोधन गरेको छ। | • योजना संझौताको क्रममा समानुपातिक प्रतिनिधित्वलाई एउटा आधारको रुपमा लिइएकाले समावेशीका सवालमा संवेदनशील भएको। कानून र नीतिगत पक्षले व्यवस्था गरे अनुसार समावेशीकरणको अवधारणालाई अनुसरण गर्ने गरेको भएता पनि अति विपन्न तथा सामाजिक वहिष्करणमा परेका वर्गको विकास निर्माणको कार्यमा पहूँच पुग्न सकेको देखिदैन। |
| **Transparency**<br>सुचनामा पहुँच, निर्णयमा सहभागिता तथा आर्थिक पारदर्शिताको शर्तलाई योजनाले कति सम्मान गर्‍यो। | • योजना किताव, website, hording board, public hearing, regular monitoring र स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी नियमीत सूचना प्रवाह गर्ने गरेको भनिएता पनि पाँच लाख भन्दा माथिको आयोजना तथा कार्यक्रमहरको योजना स्थलमा सबैले देख्ने गरी hording board राख्नु पर्नेमा सो राख्ने गरेको देखिदैन।<br><br>• अनुगमन तथा मूल्यांकन गर्ने कार्य पनि वढी औपचारिकतामा सिमित भएको भन्ने जन गुनासाहरु आएकोले समायमा परिणाममा आधारित अनुगमन तथा मूल्यांकन गर्नुपर्ने देखिन्छ।<br><br>• योजना निर्माणका हरेक चरणमा समावेशी र समानुपातिक सहभागितालाई महत्व दिने गरेको। |
| **Quality**<br>वस्तु वा सेवाको उत्पादन तथा तिनको quality maintain भएको आधारहरु। | • विकास निर्माणका अन्य क्षेत्रहरु सवल भएपनि ठुलो लगानी भएको क्षेत्र सडक देखिन्छ, तर सडक खन्नु राम्रो भएपनि यसको Regular standard maintain नभएको।<br><br>• सडक खन्ने कार्यमा पनि भागबण्डाको आधारमा काम गर्ने गरेको देखिन्छ तर आवश्यकताको आधारमा बाटोलाई वर्षैभरि सञ्चालन गर्न सकिने गरी दीर्घकालिन सोचका साथ निर्माण कार्य गर्नुपर्ने देखिन्छ।<br><br>• भौतिक पुर्वधारका निर्माण कार्यहरुको थालनी गर्दा प्राविधिकको सल्लाह र स्वीकृति अनुसार मात्र निर्माण कार्य सुरु गर्नुपर्ने देखिन्छ जसले गर्दा सामाजिक तथा पर्यायवरणीय दृष्टिले सकारात्मक परिणाम दिन सकोस। |
| **Meeting the Targets**<br>वाञ्छित उपलब्धि हाशिल गर्नमा भएको सफलताको तह | • सडकहरुको गुणस्तर maintain मा कठिनाइ भएपनि अन्य योजनाहरुको उपलब्धि उल्लेख्य देखिन्छ। तर सडक ग्रावेल गर्ने कार्य लक्ष्य भन्दा धेरै कम देखिन्छ।<br><br>• लक्ष्य हासिल गर्ने कार्य मापन गर्दा खाली संख्यात्मक रुपमा मात्र गर्ने र गुणात्मक पक्षको लेखाजोखा कम गर्ने भएकाले पनि विकास निर्माणको कार्य भनेको भौतिक चिज मात्र हो जसले गर्दा सामाजिक विकासका पाटालाई गौण रुपमा लिने गरेको देखिन्छ। साथै सम्पन्न योजना तथा आयोजनाले के कति विपन्न तथा सेवा ग्राहीहरुलाई कुन स्तरको सेवा दिन सफल रह्यो भन्ने पक्षको कुनै विवरण पाईदैन। |

| | |
|---|---|
| **Social Benefits**<br>मानवीय पूंजिको निर्माण, स्थानिय जनताको निर्णय निर्माण क्षमतामा पारेको प्रभाव, लैगिंक मान्यताको कदर, स्वास्थ्य, शिक्षा तथा आर्थिक हैसियतमा भएको बृद्धि, त्यस्तै गरि आयोजनाको कार्यान्वयन पश्चात सामाजिक सम्बन्धमा परेको असर । | • जिल्ला विकासको अनुदानबाट गत आ.ब. मा प्रत्यक्ष रुपमा आयआर्जन र उद्यमशिलताको क्षेत्रमा विशेष योजना भएको देखिदैन । सामाकि क्षेत्र अन्तर्गत लक्षित समुहको अनुदानबाट योजना अनुसार कार्य सम्पनन भएको देखिन्छ जसले गर्दा उनीहरुको सिप तथा क्षमता विकासमा पिछडिएका वर्ग तथा क्षेत्रका जनताको आर्थिक सामाजिक सवलीकरणमा निकै सहयोग पुगेको छ । अझ दूर्गम क्षेत्रमा प्रत्यक्ष अनुगमन गरी सोको यर्थाथ विवरण राख्नु पर्ने देखिन्छ ।<br>• राज्यको कानून र नीतिगत पक्षले कुनै पनि विकास निर्माणका कार्यहरु गर्नका लागि समावेशी चरित्रको उपभोक्ता समिति गठन गर्नु पर्ने प्रावधान भएकोले पिछडा वर्गको प्रतिनिधित्व हुने गरेको देखिन्छ तर उनीहरुको थप क्षमता विकास गर्न आवश्यक छ । |
| **Sustainability**<br>आयोजनाको दिगोपनाको लागि सृजना गरिएको संरचना र दिगोपनाका स्पष्ट आधारहरु । | • Bottom up approach and participotary planning process को माध्यमबाट योजना तयार गरी काम गर्दा योजना कार्यान्वयनमा जनसहभागितामा वृद्धि भई विकास निर्माणमा उनीहरुको अपनत्वको स्तरमा वृद्धि भएको छ । जसले गर्दा निर्माण गरिएका भौतिक संरचनाहरुको प्रभावकारी संरक्षण र उपयोगमा वृद्धि भएको छ ।<br>• सडक लगायतका पूर्वाधारको विकासमा गरिएको स्थानीय श्रोत साधनको अधिकतम उपयोग र Bio-engineering अवधारणाको समेत प्रयोग ।<br>• Road corridor मा commercial farming लगायत अन्य आय आर्जनका क्रियाकलापको विकल्पको प्रयोग भइरहेको । |

## ९. मूख्य मूख्य चुनौति तथा कमी कमजोरीहरु

१. विगतको आवधिक योजनाको कार्यावधि सकिएको र गत आ.ब.को सामाजिक परीक्षण प्रतिवेदनले नयाँ आवधिक योजना बनाइ कार्य गर्न सुझाव दिएको तर आवधिक योजना तयार गर्ने कार्य शुरुवात भए पनि सम्पन्न भैनसकेकोले यसै बर्ष जिल्ला परिषद पूर्व सम्पन्न गर्ने सुझाव राखिएको छ ।

२. राजनीतिक रुपमा स्थानीय निकायहरु स्वायत्त भएपनि आर्थिक तथा प्रशासनिक हिसावले परनिर्भर हुनुपरेकोले स्थानीय स्वायत्त शासन ऐन तथा नियमले परिकल्पना गरेजस्तो जनउत्तरदायी र प्रभावकारी हुन नसकेको ।

३. जिल्लाका सम्पूर्ण गा.वि.स. र नगरपालिका क्षेत्रलाई खुल्ला दिसामूक्त घोषणा गरिएको भएपनि जिल्लाका विभिन्न स्थानहरुमा यसको व्यवहारिक रुपमा कार्यान्वयनमा नआएको ।

४. सडक निर्माण तथा अन्य भौतिक विकासका संरचना निर्माणमा यान्त्रिक प्रयोगलाई बढवा दिइने गरेकोले स्थानीय वातावरणमा नकारात्मक प्रभाव देखिएको साथै सडक विस्तार तथा मर्मत सम्भार हुन नसक्दा प्राकृतिक प्रकोप (बाढी पैह्रो)ले खेती योग्य जमीन र घर जग्गा समेत विनाश गर्ने गरेको ।

५. कुनै पनि विकास आयोजना संचालन गर्दा उपभोक्ता समिति मार्फत् निश्चित समयमा निश्चित कार्य सम्पन्न गर्नका लागि सम्झौता गरिने तर त्यसको मर्मत संभार तथा व्यवस्थापनमा उचित ध्यान नदिने गरेकोले विकास आयोजनाहरुको संरक्षण, सम्बर्द्धन र दिगोपनामा कमि आएको ।

६. जिल्ला विकास समिति र विषयगत कार्यालयहरुले विकास आयोजनाहरुको कार्य सम्पन्न प्रगति प्रतिवेदन संख्यात्मक रुपमा मात्र राख्ने तर गुणात्मक प्रतिवेदन नराख्ने भएकाले विकास आयोजनाबाट के कस्तो सामाजिक असर तथा परिवर्तन आए भन्ने कुराको जानकारी नहुने ।

७. सामाजिक परीक्षणको लागि सूचना संकलन गर्ने कार्य आफैमा चुनौतपूर्ण रहेको र छोटो समयमा धेरै जसो विषयगत कार्यालयहरुले सहयोग गरेता पनि जिल्ला विकास समितिको सामाजिक क्षेत्र अन्तर्गतको सूचना संकलनमा कठीनाई भएको ।

## १०. सहभागिहरुको सुझाव तथा प्रतिक्रियाहरु:

१. लक्षित वर्गको बजेट उनीहरुको सिप तथा क्षमता विकासमा भन्दा सामुहिक विकासका गतिविधिहरुमा खर्च गर्ने गरेकोले कार्यान्वयन स्थलमा गई सम्वन्धित पक्षबाट यसको अनुगमन तथा मूल्यांकन हुनुपर्ने ।

२. सडक, खानेपनी, चर्पी र सचेतनामूलक कार्यक्रमहरुको संख्यात्मक भन्दा गुणात्मक अनुगमन गरी यसको सकारात्मक र नकारात्मक प्रभावको वारेमा सार्वजनिक गरिनु पर्ने ।

३. सडक सञ्जाल विस्तार गर्दा मुख्य सडकको स्तरोन्नती र मर्मतमा विशेष ध्यान दिनु पर्ने ।

४. प्रायगरी कार्यक्रम तथा आयोजनाहरुको अनुगमन गर्दा सदरमुकाम नजिकैका कार्यक्रमहरुको अनुगमन गरिने र बजेट सक्ने प्रचलन भएकोले अबका दिनमा अनुगमन तथा मूल्यांकन गर्दा सदरमुकामबाट टाढाका दुर्गम क्षेत्रको विकास निर्माणका कार्यक्रमहरुको अनुगमन गरिनु पर्ने ।

५. जिल्लालाई खुला दीसामूक्त घोषणा गरिएता पनि यसको व्यवहारिक प्रयोग नभएको, कत्तिपय ठाउँमा अहिले पनि चर्पी नभएको र खुला दीसा गर्ने गरेकोले सम्बन्धित निकायले ध्यान दिनु पर्ने ।

६. जिल्लाका धेरै जसो सेवा प्रदायक संस्थाहरुले प्रकाशन गरेका प्रतिवेदनहरुमा जिल्लाको समग्र अवस्था राम्रो भनी देखाएको भएता पनि समग्रमा त्यस्तो राम्रो अवस्था नभएकोले वास्तविक तथ्यांक सहितको प्रतिवेदन ल्याउन वा प्रकाशन गर्नुपुर्ने वा वढाई चढाँई गर्न नहुने ।

७. विकास भनेको आँखाले देख्न सकिने र औंलाले गन्न सकिने बस्तुलाई मात्र विकास मान्ने प्रवृत्तिले गर्दा लक्षित वर्गको आर्थिक तथा सामाजिक सवलीकरणको पक्ष कमजोर भएकोले यसमा थप ध्यान दिनुपर्ने ।

८. भौतिक संरचनाहरुको निर्माण गर्दा मेशिनको प्रयोग वढी भएकोले स्थानीय जनसहभागिता कम हुनुका साथै स्थानीय स्तरका जनताको रोजगारीको अवसरमा कमि आउने गरेको ।

९. सामाजिक परीक्षणमा गुणात्मक पक्षको विश्लेषण गरी सामाजिक उत्तरदायित्वसँग सम्बन्धित रहेर परीक्षण प्रतिवेदन तयार गरिनु पर्ने, र फिल्ड भेरीफिकेशन गर्दा दुर्गम तथा पिछडिएको क्षेत्रको कार्यक्रमहरुको अनुगमन गरी जनताको भनाई समावेश गरिनु पर्ने ।

१०. जिल्लाको शहरी क्षेत्रमा लागु औषध सेवन गर्ने यूवाहरुको संख्यामा वृद्धि भएको,

११. जातिय विभेद तथा छुवाछुत मुक्त भनिएता पनि अझै सम्म व्यवहारमा लागु नभएको ।

११. **सामाजिक परीक्षण सार्वजनिक कार्यक्रममा उठाइएका सवालहरु माथि स्थानीय निकायका प्रमुख वा प्रतिनिधिहरुको जवाफः**

१. Post ODF लाई निरन्तरता दिन wash Plan तयार गरी जिविस र अन्य सरोकारवालाद्धारा कार्यान्वयन भईरहेको छ ।

२. विकास संरचना निर्माण कार्यमा यान्त्रिक प्रयोग गर्ने नीति नभएता पनि बैदेशिक रोजगारीका कारण यूवा जनशक्ति विदेश पलायन भएकोले स्थानीयस्तरमा आवश्यक मात्रामा श्रमिकहरुको अभावका कारण यन्त्रको प्रयोग गर्नुपर्ने बाध्यता रहेको साथै आगामी दिनमा यसलाई विशेष ध्यान दिई कार्यक्रम संचालन गरिने ।

३. गत आवधिक योजनाको समयावधिको समाप्ति सँगै अर्को नयाँ आवधिक योजनाको मस्यौदा तयारी अवस्थामा रहेको र अन्तिम रुप दिन मात्र बाँकी भएको ।

४. जिल्ला विकास समितिले चालु आर्थिक वर्षदेखि कार्यक्रमहरुको अनुगमन गर्दा परिणममा आधारित अनुगमन तथा मूल्यांकन गर्ने र विशेष गरी दुर्गम तथा पिछडिएको क्षेत्रको अनुगमनमा जोड दिने ।

५. कार्यक्रमहरु दुर्गम, पिछडिएको तथा लक्षित वर्गमा पुगुन् भनेर जि.वि.स.ले आवश्यक पहल गरी विकास साझेदार संघसंस्थाहरुलाई दुर्गममा कार्यक्रम संचालन गर्नका लागि निर्देशित गर्ने गरेको ।

६. भु-संरक्षण तथा वातावरणीय अनुकुलनताका लागि जिल्ला विकास समितिले कुनैपनि योजनाको कुल लागतको १ प्रतिशत रकम वातावरण संरक्षणका क्षेत्रमा लगानी गर्ने गरिएको ।

७. जि.वि.स.को आन्तरिक श्रोतको अभावमा प्रभावकारी अनुगमनमा कमि हुन नदिनका लागि जि.वि.स.ले जिल्लाका सबै विकास साझेदार निकायहरुलाई समन्वय गरी सहभागितामूलक अनुगमन गर्ने संयन्त्र तयार गरेको ।

८. सामाजिक परीक्षण जिल्ला विकास समितिको MCPM को लागि एक अनिवार्य शर्त भएको र यसलाई कार्तिक मसान्त भित्र सम्पन्न गर्नुपर्ने भएकोले हामीले छोटो समयमा गर्नु जिविसको वाध्यता भएको ।

१२. **सहभागिहरुबाट आएका प्रतिक्रिया तथा सुझाव र त्यस माथि भएको थप विश्लेषणको सार संक्षेप**

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिहरुलाई नेपालमा स्थानीय सरकारको रुपमा परिभाषित गरिए अनुरुप यी सबै निकायहरुको आ-आफ्नै जिम्मेवारी तथा दायित्व छ । स्थानीय निकायहरु जनताका सबैभन्दा नजिकका सरकारी निकायहरु हुन् जसको गतिविधि तथा व्यवहारले जनताले राज्यप्रतिको धारणा बनाउने गर्छन्, यिनै निकायलाई व्यवस्थित रुपले संचालन गर्नका लागि धेरै ऐन नियमावली तथा कार्यविधिहरु व्यवहारिक प्रयोगमा पनि आएका छन् । सरकारी स्तरबाट ठूलो लगानीका परियोजनाहरु पनि एकपछि अर्को गरी कार्यान्वयनमा छन् तर पनि स्थानीय शासन प्रणालीका समस्याहरु यावत छन् । धेरै चुनौतिहरु मध्ये स्थानीय निकायहरुको क्षमता अभिवृद्धि मुख्य सवाल रहेको छ । गुणात्मक सामाजिक रुपान्तरणका लागि अहिले बजेटको समस्या होइन कमजोर व्यवस्थापकीय प्रणाली हो । यदि स्थानीय निकायको क्षमतामा पनि समय सापेक्ष रुपमा सुधार नल्याउने हो भने ठूलो लगानी अर्थहीन हुनु अस्वभाविक हुँदैन । अतः सामाजिक परीक्षणका क्रममा उठेका सवालहरुका आधारमा निम्न निष्कर्षहरु निकाल्न सकिन्छ ।

- अहिलेको अवस्थामा सडक संजाल विस्तार गर्ने क्रम तिब्ररुपमा छ र यस्ता पूर्वाधारले भूमिहीन विपन्नलाई कतिपय स्थानमा झन् गरिब बनाएको भन्ने भनाई अनौपचारिक छलफलको क्रममा देखिएको छ । अधिकांश स्थानमा

अथवा निकायमा लक्षित वर्गका लागि अनिवार्य रुपमा विनियोजन गर्ने रकम छुट्टाउने तर खर्च भने अन्यत्रै गर्ने गरेको देखिन्छ त्यसैले लक्षित वर्ग प्रतिको हाम्रो प्रतिवद्धतामा प्रश्न चिन्ह आउने गरेको छ ।

- स्थानीय श्रोतको प्रयोग दिगोपनाको भरपर्दो आधार हो तर जनसहभागिता र आर्थिक योगदानमा स्थानीय स्तरमा व्यापक समस्या देखिन्छ । सबै कामका लागि सरकारी अनुदानलाई ताक्ने परमुखी संस्कृतिको विकासले स्वावलम्वी विकासमा समस्या देखिन्छ । अझ सचेतनामूलक कार्यक्रमहरु त झन बिना भत्ता संचालन गर्न नसकिने भन्ने कुरा छलफलमा उठेकाले अब हामीले संचालन गर्ने कार्यक्रमहरुले सर्वसाधारण जनताको जीवनस्तरमा खासै प्रभाव पार्न नसकेको आभास हुन्छ ।
- कुनै पनि आयोजनाको फरफारक गर्नुपुर्व अनिवार्यरुपमा सार्वजनिक परीक्षण गर्नुपर्ने स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को दफा २०१ (२) बमोजिमको प्रावधानलाई योजनाहरुले सम्बोधन गर्न प्रयत्न गरेको पाइयो तर यो वढी औपचारिकतामा केन्द्रित रहेकोले स्थानीय जनताको विकास निर्माण प्रतिको अपनत्वमा कमी ल्याएको देखिन्छ ।
- उपभोक्ता समितिहरु वर्गीय हिसावले समानुपातिक पाइन्छन् किनभने त्यसो नभएसम्म सम्झौता हुन सक्दैन । त्यसैगरी उपभोक्ता समिति वा निर्माण समिति बनाउने भेलामा अनिवार्य रुपमा स्थानीय निकायका प्रतिनिधिहरु र सामाजिक परिचालकको सक्रिय सहभागितालाई सुनिश्चित गराउन सके विधि र प्रक्रिया पुऱ्याउने काममा पनि सहजीकरण हुने थियो र पछाडि परेका वर्ग तथा समुदायको क्षमता विकासमा सहयोग पुग्ने थियो ।
- सडक खन्ने कार्यमा डोजरको प्रयोग अत्याधिक हुनाले जनश्रमदान गराउन सकिएन भन्ने भनाईलाई तर्कयुक्त मान्ने हो भने आवश्यक ठाउँमा मात्र डोजरले खन्नु पर्ने र मानिसले खन्न सक्ने ठाउँमा स्थानीय श्रमलाई वढावा दिनु पर्छ ।
- स्थानीय निकायहरु र विषयगत कार्यालयहरुले नीतिगतरुपमा धेरै कार्यक्रमहरु पारित गर्ने गरेको भएतापनि स्थानीय जनताको दैनिक जीवनस्तरमा उल्लेखनिय परिवर्तन ल्याउन नसकेकोले स्थानीय जनताको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्नेखालका कार्यक्रमहरुको कार्यान्वयन गर्नुपर्ने हुन्छ नकि कागजी सुन्दरता ।
- जिल्लाका विकास साझेदारहरुसँगको समन्वय र सहकार्य नौलो विषय नभएतापनि विकास निर्माणको कठिन प्रक्रियामा सबै साझेदारहरुको विश्वासिलो र अपनत्व सहितको सहभागिता र तदारुकताको खाँचो नै देखिन्छ ।
- सामाजिक विकृति तथा विसंगतिलाई हेर्दा सामाजिक परीक्षणको क्रममा भएको छलफल र अन्तरक्रियाबाट आएको सूचनालाई विश्लेषण गर्दा बागलुङ जिल्लाको शहरी क्षेत्रमा लागु औषध प्रयोग गर्ने यूवाहरुको संख्यामा वृद्धि हुदै गएको, जातिय विभेद तथा छुवाछुत अझै पनि कायमै रहेको र गत आ.ब.को तुलनामा महिला हिंसाको घटनाहरुमा वृद्धि भएको देखिन्छ ।

## १३. सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

१. सडक तथा अन्य भौतिक निर्माणका कार्यहरु गर्दा आफ्नो मनोमानीले नगरी प्राविधिक पक्षबाट उपयूक्त भए नभएको सुनिश्चित गरेर मात्र विकास निर्माणका कार्यहरुको थालनी गर्नुपर्ने ।

२. विकास आयोजना सम्पन्न भए पछि सार्वजनिक परीक्षणका कार्यहरु गर्ने गरिएता पनि औपचारिकतामा सिमित हुने भएकोले आगामी दिनमा सवै सरोकारवालाहरुको सर्वपक्षिय भेलाले सार्वजनिक परीक्षण गरी सामाजिक प्रभाव समेत मूल्यांकन गरी सो प्रतिवेदनको आधारमा फरफारक गर्नु पर्ने ।

३. स्वयत्त शासन नियमाली २५५, नियमावली २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ (१) गत आर्थिक वर्षमा सम्पन्न भएका समग्र गतिविधिहरुको सामाजिक परीक्षण गर्न

| | | | |
|---|---|---|---|
| ७. | सामाजिक परीक्षकलाई सामाजिक परीक्षण गर्नका लागि ToR बनाई सोही अनुसार कार्य गर्न वातावरण तयार गर्ने । | जिल्ला विकास समिति | सामाजिक परीक्षणका लागि सम्झौता भए पछि । |
| ८. | सामाजिक विकृति तथा विसंगतिलाई न्यूनीकरण गर्नको लागि यूवा सचेतना कार्यक्रम, लैङ्गिक तथा जातिय विभेद विरुद्धको अभियान संचालनमा जोड दिनु पर्ने । | जिल्ला विकास समिति, विषयगत कार्यालहरु र जिल्लाका अन्य सामाजिक संघ संस्थाहरु । | चालु आर्थिक वर्षको कार्यक्रमहरुमा समावेश गरि संचालन गर्नु पर्ने । |
| ९. | कार्यक्रमहरुको परिणाममा गुणस्तरीयता ल्याउनका लागि परिणाममा आधारित अनुगमन तथा मूल्यांकन नियमित गर्ने । | नियमनकारी निकाय जिल्ला विकास समिति भएकोले जिविसले गर्ने । | कार्यक्रमको विभिन्न चरणमा, उपभोक्ता समिति गठनमा, कार्यान्वयनको चरणमा र सम्पन्न भए पश्चात । |
| १०. | जिल्ला पूर्ण खुला दिसा मुक्त घोषणा भए पनि सरसफाई र चर्पीको प्रयोग भए नभएको अनुगमन गर्ने । | जिल्ला विकास समिति र सम्बन्धित विषयगत कार्यालयहरु र राजनैतिक दल | नियमित |
| ११. | विषयगत कार्यालयहरु र अन्य संघ संस्थाहरुले पेश गरेको प्रतिवेदनको आधारमा लक्षित समुदायमा भएको सामाजिक तथा आर्थिक परिवर्तनको अनुगमन गरी यथार्थ विवरण राख्ने । | जिल्ला विकास समिति र राजनैतिक दलले । | चौमासिक समिक्षा, अर्धवार्षिक र वार्षिक समिक्षा सँगसँगै । |
| १२. | पाँच लाख भन्दा माथिको आयोजनाहरुको अनिवार्य होर्डिङ बोर्ड राख्न लगाउने । | जिल्ला विकास समिति | आयोजना सूरु भए पछि । |
| १३. | सबै विषयगत कार्यालयहरु, सामाजिक संघ संस्थाहरु र स्थानीय निकायहरुले संचालन गर्ने आयोजना तथा कार्यक्रमहरुको स्पष्ट रुपमा दीगोपना सम्बन्धि योजना बनाई कार्यान्वयन गर्ने । | सम्बन्धित विषयगत कार्यालहरु र संघ संस्थाहरुले गर्ने र जिल्ला विकास समितिले अनुगमन गरी नियमनकारी भूमिका खेल्ने । | योजना निर्माणको चरण देखि नै ध्यान दिनु पर्ने । |
| १४. | गुणस्तरीय सेवा प्रदान गर्न दरबन्दी अनुसारको जनशक्ति पुरा गर्नु पर्ने | जिल्ला विकास समिति लगायत सम्पूर्ण विषयगत कार्यालयहरुले | सके सम्म छिटो । |

**सामाजिक परीक्षकको:**

नाम: भोजराज सुनुवार र चन्द्रबहादुर कटुवाल

दस्तखत: [signatures]

विकास चौतारी नेपाल, काठमाण्डौ ।

मिति: २३ डिसेम्बर २०१५

अनिवार्य गरेको छ र जिल्ला विकासको PCPM ले समेत सामाजिक परीक्षणलाई अनिवार्य शर्तको रुपमा लिएकोले स्थानीय निकायको सामाजिक परीक्षण नगर्दा जिविसको PCPM नम्बर समेत घट्न जान्छ त्यसैले स्थानीय निकायको सामाजिक परीक्षण नियमित र व्यवस्थित तरिकाले गर्न अनिवार्य छ ।

४. कार्यक्रमको अनुगमन गर्दा औपचारिकतामा मात्र सिमित नगरी परीणाममा आधारित (result bas monitoring) अनुगमन तथा मूल्यांकन गर्नु तथा गराउनु पर्ने जसले संख्यात्मक मात्र अनुगमन नगरी विकास आयोजनाले पारेको सामाजिक प्रभाव र यसको परिणामको वारेमा समेत अध्ययन गरिनु पर्ने ।

५. हामीले अनुगमन गरेका कुनै पनि आयोजनाको होर्डिङ बोर्ड राखेको पाईएन त्यसैले पाँच लाख भन्दा वढीको आयोजना तथा योजनाहरुको कार्यान्वयन गर्दा अनिवार्य रुपमा कार्यक्षेत्रमा सवैले देखिने गरी होर्डिङ बोर्ड राख्नु पर्ने ।

६. श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी गुणस्तरीय सेवा प्रदान गर्नको लागि स्थानीय श्रोत परिचालन कार्यविधि २०६९ को मापदण्डमा रहि प्रभावकारी श्रोत परिचालन गर्नु तथा गराउनु पर्ने ।

७. स्थानीय निकायको सामाजिक परीक्षणको प्रतिवे्दनलाई औपचारिकता पुरा गर्ने मात्र नभई स्थानीय निकाय तथा विषयगत कार्यालयहरुले योजना तयार गर्ने, समीक्षा गर्ने र अनुगमन गर्ने औजारको रुपमा प्रयोग गरी पारदर्शिता, जवाफदेहिता र सुशासनलाई व्यवहारमा लागु गर्न पर्ने ।

८. कुनै पनि योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्दा विकास निर्माणका कार्यहरुलाई दीगो विकासको अवधाराणालाई आत्मसात् गरी संरक्षण, सम्भार र व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ ।

९. विकास निर्माणको कार्यहरुमा स्थानीय व्यक्ति तथा समुदायको सहभागिता तथा चासो घट्दै गएको भन्ने सर्वसाधारणबाट गुनसो आएकोले के कसरी विकास निर्माणमा स्थानीय समुदायको अपनत्व वढाउने भन्ने सवालमा सम्बन्धित सेवा प्रदायक निकाय र संघ संस्थाहरुले योजना चक्रको विभिन्न चरणहरुमा विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

१०. स्थानीय निकायले सामाजिक परीक्षणलाई औपचारिकतामा मात्र सिमित नगरी व्यवहारिक बनाउन सामाजिक परीक्षण प्रति अपनत्व लिई सम्बन्धित पक्षहरुसँग सहकार्य गर्नुपर्ने देखिन्छ ।

## १४. सामाजिक परीक्षणको क्रममा उठेका सवालहरुलाई समेटेर तयार गरिएको कार्ययोजना

| क्र.सं. | योजना | जिम्मेवार निकाय | कहिले |
|---|---|---|---|
| १. | भौतिक पूर्वधारहरु निर्माण गर्दा सामाजिक विश्लेषण गरी विपन्न वर्गहरुको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने खालका विशेष कार्यक्रमहरु संचालन गर्ने । | जिविस र सम्बन्धित आयोजना तथा परियोजना | कार्यक्रमको चरणमा |
| २. | विकास निर्माण प्रति जनताको सहभागिता र अपनत्वमा वृद्धि गर्न उनीहरुको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने । | सम्बन्धित विषयगत कार्यालयहरु, संघ संस्थाहरु र जिविस | कुनै पनि आयोजनाको निर्माण तथा विकासको चरण देखि नै |
| ३. | सार्वजनिक विषयहरुमा हुने छलफल र बैठकहरुमा विना भत्ता सहभागिहरुको उपस्थितिलाई सुनिश्चित गराउनु पर्ने । | जिविस र सम्बन्धित विषयगत कार्यालयहरुले पहल गर्नुपर्ने, | जिल्लामा आयोजना गरिने सबैखाले कार्यक्रमहरुबाट |
| ४. | लक्षित वर्गको बजेट तथा कार्यक्रम कार्यान्वयनमा स्थलगत अनुगमन गरी योजना अनुसार भए नभएको | | |
| ५. | स्थानीय निकायको सामाजिक परीक्षणलाई व्यवस्थित र मर्यादित बनाउन सम्बन्धित पक्षसँग कम्तीमा एक महिना अगावै सम्झौता गरी कार्यविधिले तोके अनुसार चरणबद्ध तरिकाले सम्पन्न गर्नुपर्ने । | जिल्ला विकास समिति | आर्थिक वर्षको पहिलो चौमासिक भित्र । |
| ६. | आगामी सामाजि परिक्षणको प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रममा सम्बन्धित सबै सरोकारवालाहरुको सहभागिताको सुनिश्चित गर्ने । | जिल्ला विकास समिति | सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रममा । |

## सन्दर्भ सामाग्री


विषगत कार्यालयहरु (महिला तथा बालबालिका कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला स्वस्थ्य कार्याल र जिल्ला खानेपालनी तथा सरसफाई कार्यालय बागलुङको वार्षिक प्रतिवेदन २०७२

जि.वि.स. (२०७२) *जिल्ला विकास समितिको वार्षिक प्रगति प्रतिवेदन २०७२,* जिल्ला विकास समिति बागलुङ ।

जि.वि.स. (२०७२) *जिल्ला विकास योजना पुस्तिका (आ.व. २०७२/०७३),* जिल्ला विकास समिति बागलुङ ।

जि.वि.स. (२०७१) *जिल्ला विकास योजना पुस्तिका (आ.व. २०७१/०७२),* जिल्ला विकास समिति बागलुङ ।

जि.वि.स. (२०७०) *जिल्ला विकास योजना पुस्तिका (आ.व. २०७०/०७१),* जिल्ला विकास समिति बागलुङ ।

जि.बि.स. २०७०/०७१ को *सामाजिक परीक्षण प्रतिवेदन, २०७०,* जिल्ला विकास समिति बागलुङ ।

जि.बि.स. २०६९/०७० को *सामाजिक परीक्षण प्रतिवेदन, २०६९,* जिल्ला विकास समिति बागलुङ ।

नेपाल सरकार (२०५५) *स्थानीय स्वायत्त शासन ऐन,२०५५,* काठमाडौ, नेपाल ।

नेपाल सरकार (२०५६) *स्थानीय स्वायत्त शासन नियमावली, २०५६,* काठमाडौ, नेपाल ।

नेपाल सरकार (२०६४) *स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४,*काठमाडौ, नेपाल ।

नेपाल सरकार (२०६८) *स्थानीय निकाय समाजिक परीक्षण कार्यविधि २०६७,* स्थानीय विकास मन्त्रालय, ललितपुर नेपाल ।

जि.बि.स. २०७१/०७२ को वार्षिक तथा चौमासिक प्रतिवेदन, जिल्ला विकास समिति बागलुङ ।

## अनुसुची - १

### जिल्ला विकास समिति/गाविसको कर्मचारी र पदपूर्ति सम्बन्धि विवरण

| क्र.स. | पद र श्रेणी | दरवन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्थानीय विकास अधिकारी (रा.प.द्वितीय ) | १ | १ | – | |
| २. | योजना अनुगमन तथा प्रशासकिय अधिकृत (रा.प. तृतिय) | १ | १ | – | |
| ३. | लेखा अधिकृत (रा.प.तृतीय) | १ | १ | – | |
| ४. | कार्यक्रम अधिकृत छैटौं | २ | १ | १ | |
| ५. | सूचना अधिकृत | १ | १ | – | अस्थायी १ |
| ६. | योजना अधिकृत | १ | १ | | बढुवाबाट |
| ७. | प्रशासकीय अधिकृत | १ | १ | – | बढुवाबाट |
| ८. | लेखापाल (रा.प.अन. प्रथम) | १ | १ | – | |
| ९. | ना.सु. सहायक स्तर पाँचौं | ६ | ५ | १ | |
| १०. | टा.ना.सु. सहायक स्तर पाँचौं | २ | १ | १ | |
| ११. | लेखापाल आ.ले.प.सहायक स्तर पाँचौं | १ | १ | | |
| १२. | लेखापाल सहायक स्तर पाँचौं | २ | १ | १ | |
| १३. | स.ई.सहायक स्तर पाचौं | ३ | ३ | | |
| १४. | अ.स.ई.सहायक स्तर पाँचौं | ३ | २ | १ | |
| १५. | स.ले.पा. आ.ले.प. सहायक स्तर चौथो | १ | १ | | |
| १६. | सलेपा सहायक स्तर चौथो | १ | | १ | |
| १७. | खरिदार सहायक स्तर चौथो | ५ | २ | ३ | अस्थायी १ |
| १८. | मिस्त्री सहायक स्तर चौथो | २ | २ | | |
| १९. | ड्राईभर स.स. चालक | २ | २ | | अस्थायी २ |
| २०. | का.स. | ८ | ८ | | |
| २१. | गा.वि.स. सचिव रा.प.तृतीय | १ | – | १ | गाविस तर्फ |
| २२. | गा.वि.स. सचिव ना.सु. रा.प.अन. प्रथम | ३१ | २९ | २ | |
| २३. | गा.वि.स. सचिव खरिदार | २७ | २१ | ६ | |
| कुल जम्मा | | १०४ | ८६ | १८ | |

## अनुसुची २

सर्वसाधारणको प्रतिकृयाकालागी तयार गरिएको परीक्षण सूची (Check list)

**उत्तरदाताको नाम:**

**ठेगाना:**

**पेशा:**

आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा संवन्धित कार्यालय तथा निकाय वा तिनका प्रतिनिधीहरुको व्यवहार र आयोजनालै यि तल उल्लेखित विषयमा कसरी संवोधन गरेको छ, कृपया आफ्नो धारणा राखि सहयोग गरिदिनु होला ।

१. वञ्चितीकरणमा परेका वर्गका जनताको गरीवी, शिक्षा, स्वास्थ्य तथा सवलिकरणका पक्षमा जिल्ला विकास योजना तथाा आयोजनाहरुको प्रभाव कस्तो रह्यो ।

२. जनसहभागीताको स्तर कस्तो थियो तथा आयोजनामा स्थानिय योगदान थियो थिएन, भए के कसरी ।

३ उपभोक्ता समीतीहरु समावेशी (वर्गीय र क्षेत्रिय हिसावले) चरित्रका थिए या थिएनन् ।

४. पारदर्शिताका वारेमा यहांको केहि टिप्पणी छ की ।

५.आयोजना कार्यान्वयन गर्ने निकायको स्थानिय जनताको चासो प्रतिको प्रतिकृया (response) कस्तो थियो

६.स्थानिय स्तरमा समभ्रदारीको विकासमा भएका प्रयासहरु (सकरात्मक, ठिक्कै, नकरात्मक)

७. आयोजनाको औचित्यता, दक्षता, तथा प्रभावकारिताका विषयमा यहांका धारणा

८. जवाफदेहिता तथा सामाजिक उत्तरदायित्व प्रतिको संवेदनशिलता

९. उत्पादित वस्तु, सेवा वा निमार्णको गुणस्तर

१०. तपाइंको विचारमा लक्ष्य अनुसारको उपलब्धि भयो या भएन

११. विधि र प्रकृया विचको तादम्यता कस्तो थियो

१२. दिगोपनाका विश्वसनिय आधारहरु

अनुसुची ३

*जिल्ला विकास समिति बागलुङको सामाजिक परीक्षण २०७२ को केही फोटोहरु:*






